Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक
Aarthik Dainik Pvt.Ltd.




◆ वर्ष १३ ◆ अङ्क ३८४० ◆ २०७९ कात्तिक २८ गते सोमबार ◆ ने.सं. ११४३ ◆ पृष्ठ ८ ◆Monday, November 14, 2022 ◆ मूल्य रु. ५/– ◆ Web: www.aarthikdainik.com



आलु खन्दै कृषक : मुस्ताङको थासाङ गाउँपालिका–२ नाउरीकोटमा आलु खन्दै गरेका स्थानीयबासी र पृष्ठभूमिमा देखिएको धौलागिरि हिमाल । तस्बिर : रासस

# वैदेशिक लगानी रकम भित्र्याउन प्रक्रियामा कडाइ गर्दै सरकार

■ प्रवीन राउत
काठमाडौं, कात्तिक २७

नेपालमा विदेशी लगानी रकमको तुलनामा उच्च प्रतिबद्धता आउने गरेको छ । यसलाई व्यवस्थित गर्न सरकार लागेको छ । पछिल्लो समय सरकारले वैदेशिक लगानी व्यवस्थित गर्नका लागि भन्दै व्यावसायिक भिसामा कडाइ तथा वैदेशिक लगानीको न्यूनतम सीमा समेत निर्धारण गरेको छ ।

उद्योग विभागका अनुसार विदेशी नागरिकहरूले नेपालको व्यावसायिक भिसा प्राप्त गर्ने प्रयोजनले विदेशी लगानी स्वीकृत गर्ने देखिएसँगै व्यावसायिक भिसामा कडाइ गरिएको हो । विभागका महानिर्देशक रामचन्द्र तिवारीले केही विदेशीहरूले व्यावसायिक भिसा प्राप्त गर्ने प्रयोजनका लागि मात्र विदेशी लगानी स्वीकृत गर्ने र सो पश्चात् कम्पनी, उद्योग तथा कर कार्यालयमा दर्तालगायतका कार्य नगर्ने र विदेशी लगानी समेत भित्र्याउने नगरेको पाइएको बताए ।



यसबाट व्यावसायिक भिसा प्राप्त गरेका विदेशी नागरिकहरू भिसाको उद्देश्यविपरीतका गतिविधिमा संलग्न समेत हुनसक्ने भएकोले विदेशी लगानी र व्यावसायिक भिसा सिफारिस गर्ने कार्यलाई थप व्यवस्थित र मर्यादित बनाउँदै व्यावसायिक भिसालाई वास्तविक लगानीसँग आबद्ध गर्ने विभाग अग्रसर भएको छ । जसअनुरूप विदेशी लगानी स्वीकृत भएपश्चात् पहिलोपटक तीन महिनाको लागि व्यावसायिक भिसा सिफारिस गर्दा आगामी पटक आवेदन गर्दा अनिवार्य रूपमा कम्पनी दर्ता प्रमाणपत्र पेश गर्नुपर्ने शर्त राखी सिफारिस गरिनेछ, कम्पनी दर्ताको प्रमाणपत्र पेश भएमा थप तीन महिनाको व्यावसायिक भिसा सिफारिस गरिनेछ भने आगामी पटक आवेदन गर्दा कर कार्यालयमा दर्ता गरेको बैंक खाता खोलेको र उद्योग दर्ता गरेको वा उद्योग दर्ताको लागि आवदेन दर्ता गरेको प्रगति विवरण पेश गर्नुपर्ने शर्त राखी भिसा सिफारिस गरिनेछ ।

साथै, उद्योग दर्ता प्रमाणपत्र पेश भएमा छ महिना वा उद्योग दर्ताको सम्बन्धमा भएको प्रगति विवरण सन्तोषजनक भएमा थप तीन महिनाका लागि व्यवसायिक भिसा सिफारिस गरिनेछ र सो अवधिमा लगानी भित्र्याउने प्रक्रिया सुरू गर्नुपर्ने शर्त राखी भिसा सिफारिस गरिनेछ, व्यावसायिक भिसामा बसी भिसा सिफारिस दर्ताको शर्त पूरा नगरी पुनः नयाँ विदेशी लगानी स्वीकृतिको लागि आवेदन

➤ बाँकी पृष्ठ २ मा

# राजनीतिक दलहरूको दैनिक खर्च प्रहरी र राष्ट्रिय अनुसन्धान विभागले हेर्दै



■ आर्थिक संवाददाता
काठमाडौं, कात्तिक २७

राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचन प्रचारको क्रममा दैनिक गरेको खर्च नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागले अध्ययन गर्ने भएको छ ।

निर्वाचनमा खर्च गर्दा आयोगले तोकेको सीमाभित्र रही खर्च गरे नगरेको विषयमा सूक्ष्म अनुगमन गरी प्रत्येक दिन साँझ ७:०० बजेभित्र छिटो साधनद्वारा जिल्लास्थित कार्यालयमा र जिल्लास्थित कार्यालयले आयोगको संयुक्त निर्वाचन सञ्चालन केन्द्रमा प्रतिवेदन पठाउन निर्वाचन आचारसंहिता, २०७९ को दफा ४२ बमोजिम गृह मन्त्रालयमार्फत नेपाल प्रहरी र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत राष्ट्रिय अनुसन्धान विभागलाई लेखी पठाउने निर्णय निर्वाचन आयोगले गरेको छ । निर्वाचन आचारसंहिताको पालना तथा सो सम्बन्धमा गरेका सबै क्रियाकलापहरू पनि ती निकायले दैनिक आयोगलाई दिनुपर्नेछ ।

निर्वाचन आचारसंहिता, २०७९ पालना गर्नुपर्ने दायित्व भएका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहअन्तर्गतका निकाय, अर्धसरकारी निकाय तथा सार्वजनिक संस्था, सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना, विकास समितिजस्ता निकायमा कार्यरत कर्मचारी, सुरक्षाकर्मी तथा विद्यालय वा विश्वविद्यालयका शिक्षक, प्राध्यापक, कर्मचारीलगायत निर्वाचनको काममा संलग्न कर्मचारीले निर्वाचन आचारसंहिताविपरीतको काम कारबाही गरेको अवस्थामा जोसुकैलाई तत्काल स्पष्टीकरण सोधी कारबाही अघि बढाउन जिल्ला आचारसंहिता अनुगमन समितिलाई निर्देशन दिने निर्णय पनि आयोगले गरेको छ ।

मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनको सन्दर्भमा आइतबार आयोगको केन्द्रीय आचारसंहिता अनुगमन समितिका संयोजक आयुक्त रामप्रसाद भण्डारीको संयोजकत्व एवं प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया तथा आयुक्त ईश्वरीप्रसाद पौडेलको उपस्थितिमा बसेको बैठकले उक्त निर्णय गरेको हो ।

आफ्नो कार्यक्षेत्रभित्रको कुनै पनि स्थानमा कुनै उम्मेदवार वा राजनीतिक दलले अस्वाभाविक गतिविधि गरेको, भोजभतेर गरेको, हातहतियार वा निषेधित पदार्थ लिई हिँडेको, शान्ति भङ्ग गर्ने कुनै कार्य गरेको, निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कुनै कार्य गरेको वा गर्न लगाएको, कसैलाई डर त्रास, धाकधम्की प्रलोभन दिनेजस्ता कार्य गरेको लगायतका क्रियाकलाप भए गरेको पाइएमा निगरानी राखी तत्काल जानकारी गराउने र कारबाही गर्नुपर्ने विषयमा तत्काल कारबाही प्रारम्भ गर्न जिल्ला आचारसंहिता अनुगमन समिति, निर्वाचन अधिकृत र अनुगमन अधिकृतलाई निर्देशन दिने निर्णय गरेको केन्द्रीय आचारसंहिता अनुगमन समितिले गरेको छ ।

निर्वाचनको प्रचारप्रसार निषेध भएको अवधि (मतदान सुरू हुने दिनभन्दा अड्चालीस घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म) मा मादक पदार्थ बिक्रीवितरण र सेवन गर्न निषेध गर्न र प्रचलित कानुनबमोजिम जफत गर्नुपर्ने भए जफत गर्न समेत गृह मन्त्रालयमार्फत नेपाल प्रहरीलाई निर्देशन दिने निर्णय पनि समितिले गरेको छ ।

यस्तै, अनुगमन अधिकृत र जिल्ला आचारसंहिता अनुगमन समितिलाई हालसम्म प्राप्त भएको आचारसंहिता उल्लंघनसम्बन्धी उजुरी र सो सम्बन्धमा सोधेको स्पष्टीकरण, हालसम्म भएको उजुरीको फछ्र्यौट र कारबाहीको अवस्थासहितको प्रगति विवरण तीन दिनभित्र केन्द्रीय

➤ बाँकी पृष्ठ २ मा

## आज पुनः १३ अर्ब ८५ करोड रुपैयाँको ट्रेजरी जारी गर्दै राष्ट्र बैंक

काठमाडौं, कात्तिक २७ । नेपाल राष्ट्र बैंकले कात्तिक २८ गते अर्थात् आज सोमबार पुनः १३ अर्ब ८५ करोड रूपैयाँबराबरको ट्रेजरी बिक्री गर्ने भएको छ । राष्ट्र बैंकका अनुसार आज अपराह्न २ बजेसम्म उक्त परिमाणमा ट्रेजरी बिल बिक्री गर्न लागिएको हो । यसअघि यही कात्तिक २१ गते पनि राष्ट्र बैंकले १८ अर्ब १० करोड रूपैयाँबराबरको ट्रेजरी बिल बिक्री गरेको थियो ।

राष्ट्र बैंकका अनुसार जारी मिति कात्तिक २९ मंगलबार तोकिएको ट्रेजरी बिल खरिदको लागि वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनीहरूले भाग

➤ बाँकी पृष्ठ २ मा

इ–पेपर हेर्नको लागि

## बैंक खातामा ५१ खर्ब ६४ अर्ब रुपैयाँ
# मुद्दती खातामा मात्रै ५८ दशमलव आठ प्रतिशत रकम

■ आर्थिक संवाददाता
काठमाडौं, कात्तिक २७

बैंक तथा फाइनान्स कम्पनीहरूको कुल निक्षेप ५१ खर्ब ६४ अर्ब रूपैयाँ पुगेको छ । नेपाल राष्ट्र बैंकका अनुसार गत शुक्रबारसम्ममा सञ्चालनमा रहेका २६ वटा वाणिज्य बैंक, क्षेत्रीय तथा राष्ट्रियस्तरका समेत गरी १७ वटा विकास बैंक र १७ वटा फाइनान्ससहितका ६० वटा संस्थाहरूले उक्त परिमाणमा निक्षेप संकलन गरेका हुन् ।

उक्त निक्षेपमध्ये वाणिज्य बैंकहरूले मात्र संकलन गरेको कुल निक्षेप रकम ४५ खर्ब ४४ अर्ब रूपैयाँ पुगेको छ भने विकास बैंकहरू र फाइनान्स कम्पनीहरूको कुल निक्षेप रकम छ खर्ब १९ अर्ब रूपैयाँ पुगेको छ । राष्ट्र बैंकका अनुसार यस अवधिमा बैंक तथा फाइनान्स कम्पनीहरूको कुल कर्जा रकम भने ४७ खर्ब ५७ अर्ब रूपैयाँ पुगेको छ । सोमध्ये वाणिज्य बैंकहरूले मात्र प्रवाह गरेको कुल कर्जा रकम ४२ खर्ब १३ अर्ब रूपैयाँ रहेको छ भने विकास बैंक र फाइनान्स कम्पनीहरूले प्रवाह गरेको कुल कर्जा रकम पाँच खर्ब ४४ अर्ब रूपैयाँ पुगेको छ । चालू आर्थिक वर्षको पहिलो दुई महिनामा बैंक तथा फाइनान्स कम्पनीहरूमा रहेको निक्षेप शून्य दशमलव नौ प्रतिशतले घटेको छ । राष्ट्र बैंकका अनुसार अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप शून्य दशमलव सात

**बैंक तथा फाइनान्स कम्पनीहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा)**

| निक्षेप | साउन मसान्त | | भदौ मसान्त | |
|---|---|---|---|---|
| | २०७८ | २०७९ | २०७८ | २०७९ |
| चल्ती | १०.४ | ८.९ | ७.९ | ७.७ |
| बचत | ३४.२ | २७.६ | ३५.० | २६.५ |
| मुद्दती | ४७.० | ५५.८ | ४९.२ | ५८.८ |
| अन्य | ८.४ | ७.७ | ७.९ | ७.० |

(स्रोत : नेपाल राष्ट्र बैंक)

प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७९ भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप सात दशमलव चार प्रतिशतले बढेको राष्ट्र बैंकको भनाइ छ ।

राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः सात दशमलव सात प्रतिशत, २६ दशमलव पाँच प्रतिशत र ५८ दशमलव आठ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमशः सात दशमलव नौ प्रतिशत, ३५ प्रतिशत र ४९ दशमलव दुई प्रतिशत रहेको थियो । २०७९ भदौ मसान्तमा

➤ बाँकी पृष्ठ २ मा

# फेरि घट्यो सेयरबजार
## ७७ करोड ४९ लाखको मात्र सेयर कारोबार

■ आर्थिक संवाददाता
काठमाडौं, कात्तिक २७

चुनाव नजिकिँदै गर्दा सेयरबजार फेरि घट्नथालेको छ । आइतबार सेयरबजार परिसूचक नराम्रोसँग ओरालो लागेको छ । साताको पहिलो कारोबार दिन आइतबार बजार परिसूचक १० दशमलव ५४ अंकले ओरालो लागेर १८ सय ८३ दशमलव १६ विन्दुमा झरेको छ ।

आइतबार 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ इन्डेक्स पनि एक दशमलव ८३ अंकले ओरालो लागेर तीन सय ७० दशमलव ५३ विन्दुमा झरेको छ । यस दिन १३ वटा उपसमूहहरूअन्तर्गत दुई सय २५ वटा कम्पनीहरूको सेयर खरिदबिक्री भएका छन् । जसबाट १९ हजार ४५ पटकको कारोबारमा २० लाख २८ हजार तीन सय ४८ कित्ता सेयर किनबेच भएका छन् । सोही किनबेचका आधारमा यस दिन कुल सेयर कारोबार रकम ७७ करोड ४९ लाख ११ हजार सात सय छ रूपैयाँ पुगेको छ ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) मा यस दिन कारोबार भएका कुल उपसमूहहरूमध्ये होटल तथा पर्यटन उपसमूहको सूचक १५ दशमलव ८२ अंकले उकालो लागेर २६ सय ५६ दशमलव ५१ विन्दुमा चढेको छ । यीबाहेकका बाँकी उपसमूहहरूको सूचक भने ओरालो लागेका छन् । जसमध्ये वाणिज्य बैंक उपसमूहको सूचक पाँच दशमलव ३० अंकले ओरालो लागेर १३ सय ३१ दशमलव ७९ विन्दुमा झरेकोमा विकास बैंक उपसमूहको सूचक पनि तीन दशमलव ८४ अंकले ओरालो लागेर तीन हजार तीन सय २६ दशमलव ९१ विन्दुमा झरेको छ । जलविद्युत् उपसमूहको सूचक पनि २० दशमलव ४६ अंकले ओरालो लागेर १९ सय २३ दशमलव ७७ विन्दुमा झरेकोमा फाइनान्स उपसमूहको समूहको सूचक पनि शून्य दशमलव ७१ अंकले ओरालो लागेर १५ सय २६ दशमलव ८२ विन्दुमा झरेको छ । जीवन बीमा उपसमूहको सूचक पनि ७० दशमलव ७३ अंकले ओरालो लागेर आठ हजार आठ सय ३४ दशमलव ३२ विन्दुमा झरेकोमा निर्जीवन बीमा उपसमूहको सूचक पनि १८ दशमलव ४४ अंकले ओरालो लागेर सात हजार पाँच सय २७ दशमलव दुई विन्दुमा झरेको छ । यीबाहेक लगानी, उत्पादनमूलक, लघुवित्त, सामूहिक लगानी कोष, अन्य र ट्रेडिङ उपसमूहहरूको सूचक पनि क्रमशः शून्य दशमलव ३८, ३३ दशमलव १६, ५३ दशमलव ८२, शून्य दशमलव शून्य चार, एक दशमलव शून्य आठ र २६ दशमलव २६ विन्दुले ओरालो लागेका छन् ।




यस दिन कमाउने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा परेको लक्ष्मी इक्विटी फण्डको प्रतियुनिट सेयर मूल्य सात दशमलव ९० प्रतिशतले बढेर आठ रूपैयाँ छ पैसा अन्तिम मूल्यमा प्रतियुनिट सेयर किनबेच भएको छ । दोस्रो स्थानमा परेको लक्ष्मी उन्नति कोषको प्रतिकित्ता सेयर मूल्य पनि तीन दशमलव ७७ प्रतिशतले बढेर सात

➤ बाँकी पृष्ठ २ मा

# हिताची माइक्रोवेभ ओभन चार भेरियन्टसहित बजारमा

■ आर्थिक संवाददाता
काठमाडौं, कात्तिक २७

युनिभर्सल इलेक्ट्रोकम प्रा. लिमिटेडले नेपाली बजारमा हिताची माइक्रोवेभ ओभनका नयाँ उत्पादनहरू सार्वजनिक गरेको छ ।

चार भेरियन्टका साथ उपलब्ध माइक्रोवेभ ओभनका नयाँ शृङ्खलाहरूमा- २३ लि. डिजिटल ग्रिल माइक्रोवेभ ओभन, २० लि. डिजिटल ग्रिल माइक्रोवेभ ओभन, २० लि. मेकानिकल माइक्रोवेभ ओभन र डिसेम्बर २०२२ सम्ममा चौथो भेरियन्ट ३२ लि. कन्भेक्सन माइक्रोवेभ ओभन रहेका छन् । हिताचीको उच्च श्रेणीको माइक्रोवेभ ओभनहरूले उपभोक्ताहरूलाई स्वस्थ जीवनको फाइदाहरु र सहजै फ्याट, नुन र क्यालोरी घटाउने नवोत्पाद सुविधा प्रदान गर्ने बताइएको छ । साथै, हिताचीले यी माइक्रो ओभनमा एक वर्षको पूर्ण वारेन्टी र म्याग्नेट्रोनमा पाँच वर्षको वारेन्टी दिएको छ ।




***डिजिटल ग्रिल माइक्रोवेभ ओभन***

डिजिटल ग्रिल माइक्रोवेभ ओभनका दुई मोडल एचएमआर-डिजी२३१२ र एचएमआर-डिजी२०१२ ओभन २३ लि. र २० लि. क्षमतामा उपलब्ध रहेको छ ।

कम्पनीका अनुसार एचएमआर-डिजी२३१२ (२३लि) मा पुल-ओपन मिरर ग्लास फ्रन्ट डोर र आइनोस फ्रेम ह्यान्डलको साथ आधुनिक र सुविधाजनक डिजाइन समावेश गरिएको छ । यसको डिजिटल डिस्प्ले प्यानल प्रयोग गर्न सजिलो छ । साथै यसमा ग्लास ट्रे र ग्रिल र्‍याक छ । पाँच माइक्रोवेभ लेभल- आठ प्रि-सेट कुकिंग मेनु, समय र तौल अनुसार डिफ्रोस्ट, मल्टी-स्टेज कुकिंग, माइक्रोवेभ कुकिंग, ग्रिल कुकिंग, अटो रिहिट आदिको साथमा मल्टिफङ्क्सनल छ । यसको आठ प्रि-सेट अटो-कुक मेनुले समय बचत गर्न मद्दत गर्छ । भान्साकोठा र खानाको लागि पकाउने समय स्वचालित रूपमा सेट गरेर निरीक्षण गर्न आवश्यक पर्दैन । यसको मूल्य २४ हजार नौ सय ९९ रूपैयाँ रहेको छ ।

यस्तै एचएमआर-डिजी२०१२ (२० लि.) मा कम्प्याक्ट डिजाइन र घडीको साथ ठूलो डिजिटल एलईडी डिस्प्ले जडान छ । यसको ग्लास फ्रन्ट डोर, ग्लास ट्रे प्रयोग गर्न र सफा गर्न सहज छ । यसमा छ माइक्रोवेभ लेभल, वन टच नौ अटो कुकिंग प्रि-सेट, माइक्रोवेभ कुकिंग, ग्रिल कुकिंग, वजनद्वारा डिफ्रोस्ट र समय, अटो रिहिट, चाइल्ड सेफ्टी लक, मल्टिस्टेज कुकिंग, क्विक स्टार्ट आदि जस्ता उत्कृष्ट सुविधाहरु छन् । यसको मूल्य १९ हजार नौ सय ९९ रूपैयाँ रहेको छ ।

***मेकानिकल माइक्रोवेभ ओभन***

मेकानिकल माइक्रोवेभ ओभन-मोडेल कोड एचएमआर-एम२००२ ओभन २० लि. क्षमतामा उपलब्ध छ । यो कम्प्याक्ट डिजाइनमा उपलब्ध भएकाले सानो, शक्तिशाली र कुशल हुनुका साथै भान्साको ठाउँ धेरै ओगट्दैन । यो मेकानिकल माइक्रोवेभ ओभन सञ्चालन गर्न सजिलो रहेको कम्पनीले जनाएको छ । साथै यसले पुनः तताउने कार्य छिटो र सहज रूपमा खानालाई डिफ्रोस्ट गर्ने सुविधा दिन्छ । यसमा सजिलै सफा गर्नको लागि ग्लास ट्रेको साथ मेकानिकल कन्ट्रोल प्रणाली राखिएको छ । यसको मूल्य १५ हजार नौ सय ९९ रूपैयाँ रहेको छ ।

***कन्भेक्सन माइक्रोवेभ ओभन***

कन्भेक्सन माइक्रोवेभ ओभन-मोडल कोड एचएमआर-डिसी३२१२ ओभन ३२ लि. क्षमता डिसेम्बर २०२२ सम्ममा उपलब्ध हुनेछ । यो अगाडिको बाहिरी भागमा स्टेनलेस स्टिलका साथ आधुनिक टच र सजिलै सफा गर्न, मिरर ग्लास र स्टेनलेस स्टिल क्याभिटीका साथ डिजाइन गरिएको छ । माइक्रोवेभ र कन्भेक्सन कार्यको संयोजनले खाना पकाउने प्रक्रियालाई गति दिन मद्दत गर्ने कम्पनीको भनाइ छ । यसमा ग्लास ट्रे र बेक ट्रे समावेश छ । यसले साधारण कन्ट्रोल प्यानलको साथ, क्विक स्टार्ट, प्रि-सेट कुकिंग, माइक्रोवेभ र ग्रिल कुकिंग, तौल र समय अनुसार डिफ्रोस्ट, स्वतः पुनः तताउने, अटो कुकिंग मेनु, चाइल्ड सेफ्टी लक, र मल्टि-स्टेज कुकिंग लगायत उत्कृष्ट कार्यक्षमता प्रदान गर्दछ । स्वतः कुक मेनुले ९ प्रिसेटहरूको कार्यहरु प्रदान गर्दछ, जसले खानाको लागि स्वचालित रूपमा पकाउने समय सेट गरेर समय बचत गर्न मद्दत गर्दछ ।

# टेलिकमको निर्वाचन अफर सार्वजनिक




■ आर्थिक संवाददाता
काठमाडौं, कात्तिक २७

नेपाल टेलिकमले निर्वाचन अफर ल्याएको छ । आगामी मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा सूचना आदानप्रदान गर्न र निर्वाचन परिणाम थप सहजाताका साथ मोबाइलमै प्राप्त गर्नका लागि टेलिकमले निर्वाचन अफर उपलब्ध गराएको हो ।

यस अफरमार्फत अझ सहज दरमा डाटा र भ्वाइस प्याकहरू उपलब्ध गराइएको छ । डाटा प्याकअन्तर्गत १० दिनसम्म प्रयोग गर्न सकिने २० जीबी डाटा जम्मा दुई सय ९४ रूपैयाँमा उपलब्ध छ । यसैगरी छ जीबी डाटा तीन दिनसम्म प्रयोग गर्न सकिने प्याक मात्र ९८ रूपैयाँमा उपलब्ध छ । एक दिनका लागि अनलिमिटेड प्रयोग गर्न सकिने एक एमबीपीएस डाटा प्याक र अननेट अनलिमिटेड भ्वाइस प्याक जम्मा ४९ रूपैयाँमा उपलब्ध हुनेछ । यी प्याकहरू जुनसुकै समय प्रयोग गर्न सकिन्छ । यो अफर आइतबारदेखि सुरू भएको र आगामी मंसिर ११ गतेसम्म उपलब्ध हुने कम्पनीले जनाएको छ । आगामी मंसिर ११ गतेसम्म मोबाइलबाट स्टार१४१५ह्याक्स डायल गरी वा 'नेपाल टेलिकम एप' प्रयोग गरी सो सुविधा खरिद गर्न सकिन्छ । निर्वाचनको समयमा उपलब्ध हुने यस अफरबाट ग्राहकहरूले उल्लेख्य लाभ प्राप्त गर्ने अपेक्षा कम्पनीले राखेको छ ।

# नयाँ पुस्ताको फोर्ड रेन्जर र्‍याप्टर नेपाल भित्रियो



■ आर्थिक संवाददाता
काठमाडौं, कात्तिक २७

विश्वभर आफ्नो अफ-रोड र अन-रोड पर्फमेन्सद्वारा ख्यातिप्राप्त फोर्ड रेन्जर र्‍याप्टरको नयाँ संस्करण नेक्स्ट-जेन रेन्जर र्‍याप्टर नेपाली बजारमा आएको छ ।

कम्पनीका अनुसार फोर्ड पर्फमेन्सको अवधारणाअनुरूप डिजाइन तथा इन्जिनियर गरिएको यस नेक्स्ट-जेन रेन्जर र्‍याप्टरमा विभिन्न स्मार्ट प्रविधिका साथ नयाँ पुस्ताका हार्डवेयरहरू राखिएका छन्, जसले अफ-रोड गाडीहरूको श्रेणीमा एउटा नयाँ आयाम बनाएको छ । विश्वभरका अफ-रोडप्रेमीहरू यस संस्करणप्रति निकै उत्साहित रहेको कम्पनीको दाबी छ । अफ-रोड भू-भाग मध्यनजर गरी विभिन्न नयाँ सुविधा तथा प्रविधि जडान गरिएको नेक्स्ट-जेन रेन्जर र्‍याप्टरमा नयाँ ट्वीन-टर्वो ३.० लिटर इकोबुस्ट भी६ पेट्रोल ईन्जिन जडान रहने छ । यसले ५६५० आरपीएममा ३९७ पीएस पावर प्रदान गर्दछ र ३५०० आरपीएममा ५८३ एनएम टर्क उत्पादन गर्दछ । फोर्ड पर्फमेन्स मापदण्ड अनुरूप गरिएको १०-स्पिड अटोमेटिक ट्रान्समिसनयुक्त नेक्स्ट-जेन रेन्जर र्‍याप्टरको नयाँ इन्जिनले सहजै रूपमा ग्राभेल, माटो, हिलो बालुवामा चलाउन मद्दत गर्दछ ।

नेक्स्ट-जेन रेन्जर र्‍याप्टरमा चालकले इलेक्ट्रोनिक रूपमा नियन्त्रित सक्रिय एक्जस्ट सिस्टमद्वारा आफ्नो र्‍याप्टरको आवाज क्वाइट, नर्मल, स्पोर्ट र बाजा चार एक्जस्ट मोडमध्ये एउटा चयन गर्न सक्नेछन् । कम्पनीका अनुसार बालुवामा वा मरूभुमिमा डेजर्ट-रनिङ्ग पावर दिनको लागि बाजा मोडमा उपलब्ध नेक्स्ट-जेन रेन्जर र्‍याप्टरको एन्टी-ल्याग प्रणालीले तपाई थ्रोटलबाट बाहिर निस्कँदा पनि तीन सेकेण्डसम्म टर्बो स्पिनिङ कायम रहन्छ, जसको फलस्वरूप गाडीले तत्काल मोडहरूमा वा गियरहरूबीच पनि पावर प्रदान गर्दछ । यस गाडीको लागि फोर्डले फोक्ससँग सहकार्य गरी कम्प्युटर एडेड इन्जिनियरिङ् र वास्तविकताको मिश्रण प्रयोग गरेर यसका सक् ट्युन गर्ने, भल्भहरू ट्युन गर्ने जस्ता क्रियाकलापहरूद्वारा रेन्जर-र्‍याप्टरको ड्राइभ जस्तोसुकै बाटोमा पनि आरामदायी, सुरक्षित बनाउन मद्दत गरेको छ ।

कम्पनीका अनुसार नयाँ नेक्स्ट-जेन रेन्जर र्‍याप्टरमा सात ड्राइभ मोडहरू छन्, अन-रोडको लागि नर्मल, स्पोर्ट र सिल्परी र अफ-रोडको लागि रक क्रल, स्याण्ड, मड एण्ड रट्स र बाजा । नयाँ इन्टेरियर हार्डकोर अफ-रोड रेसरहरूको लागि ध्यानमा राखी डिजाइन गरिएको छ । इन्स्ट्रुमेन्ट प्यानल, ट्रिम र सिटहरूमा रहेको फोर्ड पर्फमेन्स 'कोड ओरेन्ज' एक्सेन्टलाई र्‍याप्टरको एम्बियन्ट लाइटिङले वृद्धि गरिएको छ । एफ-२२ र्‍याप्टर जेट फाइटरका सिटहरूबाट प्रेरित भएर अगाडि र पछाडिका सिटहरूले यात्रुहरूलाई सडकमा वा अफ-रोडमा आरामदायी सवारीको अनुभूति दिन्छन् ।

नेक्स्ट-जेन रेन्जर र्‍याप्टर पूर्ण रूपमा डिजिटल क्याबिनको साथ उपलब्ध छ, उच्च रिजोल्युसन १२.४ इन्च डिजिटल क्लस्टर र १२ इन्चको टचस्क्रिन फोर्डको नयाँ पुस्ताको एसवाईएनसी ४एआरका साथ जडान गरिएको छ । अन्य सुविधाहरूमा अपफिटर स्विचहरु र अफ-रोड स्क्रिन समावेश छन् । फोर्ड रेन्जर र्‍याप्टर एब्सोल्युट ब्ल्याक, आर्टिक ह्वाइट, कोड ओरेन्ज र कन्कर ग्रेसहित चार आकर्षक रंगहरूमा उपलब्ध छ । नेपाली बजारमा ३.० लि. भी६ पेट्रोल र १०-स्पिड अटोमेटिक नेक्स्ट-जेन रेन्जर र्‍याप्टरको मूल्य दुई करोड १५ लाख रूपैयाँ तोकिएको छ ।


## नवकञ्चन बहुउद्देश्यीय सहकारी संस्था लि.
प्रधान कार्यालय ललितपुर

**कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना**

यस संस्थाबाट कर्जा लिनु हुने तपसिल बमोजिका ऋणी सदस्यहरुले संस्थाबाट लिएको कर्जाको साँवा, व्याँज, हर्जाना तथा अन्य दै-दस्तुर रकम धनि संस्था सँग गरेको शर्त बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गरेको तथा संस्थाले पटक-पटक लिखित तथा मौखिक पत्राचार गरी तरताकेता गर्दा समेत साँवा, व्याँजको रकम भुक्तानी वा नियमित गर्न नआएकाले यो ३५ दिनको अत्यन्त जरुरी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा उपस्थित भई आफुले लगेको कर्जाको साँवा, व्याँज, हर्जाना तथा अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम चुक्ता गरी कर्जा फर-फारक गर्नु गराउनु होला । तोकिएको समय भित्र पनि उल्लेखित अनुसार तिर्न बाँकी कर्जा रकम बुझाउन नआएमा कर्जाको सुरक्षणको लागि लेखिदिएको चल अचल सम्पति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र यस संस्थाको कर्जा लगानी तथा असुली सम्बन्धी नियमावली अनुसार तथा ऋणी सदस्य, सो संग सम्बन्धित अन्य पक्ष र धनी संस्था बिच भए गरेको शर्त सम्झौता बमोजिम लिलाम बिक्री गरी वा ऋणी सदस्य तथा ऋण कर्जाको साक्षी एवम धन जमानी बस्ने व्यक्ति तथा सम्बन्धित अन्य पक्षहरुलाई प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गरी आफ्नो लेना रकम असुल उपर गरी लिने छ । साथै कालो सूचीमा नाम समावेश गर्नका लागि लेखी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| क्र.सं | ऋणी सदस्यको विवरण | ठेगाना | फोटो | व्यक्तिगत धनजमानीकर्ता वा साक्षीको विवरण | ठेगाना | फोटो |
|---|---|---|---|---|---|---|
| १. | **नाम : सर्मिला लो**<br>बाबु : सिताराम तामाङ्ग<br>बाजे : :काले तामाङ्ग | किर्तिपुर-०६, काठमाण्डौ |  | **नाम** : गणेश बहादुर लो<br>बाबु : बिर बहादुर लो<br>बाजे : आइते सिं लो | किर्तिपुर-०६, काठमाण्डौ |  |

## बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

**ऋणकर्जा चुक्ता भुक्तान गर्ने र कालोसूचीमा समावेश सम्बन्धी ३५ (पैंतिस) दिने सूचना**

(मिति २०७९/०७/२८ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना)

तपसीलमा उल्लेखित ऋणीले यस बैंकको **नारायणगढ शाखाबाट** प्राप्त गर्नु भएको कर्जाको शर्त कवुलियत बमोजिम तिर्नु बुझाउनु पर्ने कर्जा, सावा ब्याज नबुझाई तपाई संग भएको सम्झौताको शर्तहरू समेत उल्लंघन गर्नु भएको र तपाई लाई कर्जा सँवा ब्याज तिर्नको लागि मौखिक र पत्रबाट समेत तर ताकेता गर्दा पनि कर्जा सँवा ब्याज तिर्ने तर्फ कुनै तदारूखता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र तपाईले यस बैंकबाट प्राप्त गर्नु भएको सम्पूर्ण कर्जा सँवा ब्याज चुक्ता गर्नु होला । ऋणीले कर्जा चुक्ता नगरेमा तपाई जमानीकर्ताले शर्त बमोजिम आफ्नो दायित्व पुरा गर्नु होला । माथि उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण सावां ब्याज चुक्ता नगरेमा तपाईले यस बैंकलाई कर्जा सुरक्षण वापत धितो दिनु भएको तपसीलमा उल्लेखित घर जग्गा कानुन बमोजिम लिलाम बिक्री गर्नुका साथै तपाई ऋणी र तपाईको व्यक्तिगत जमानीकर्तालाई कर्जा सूचना केन्द्रको कालो सूचीमा सुचिकृत गर्ने लगायत बैंकको कर्जा असूलउपर गर्नको लागि ऋण असुली न्यायाधिकरण लगायतको निकायमा कानून बमोजिम मुद्दा दायर गर्ने लगायतको कानूनी कार्वाही गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण:**

१. झयामानन्द खरालको नाति, उमाकान्त खरालको छोरा, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं ५ बस्ने बर्ष ५१ को ईश्वरी प्रसाद खराल (ना.प्र.प.नं ३३२८, मिति २०४४/११/२४ जि.प्र.का, चितवन)........ ।

२. आत्माराम जैसीकी नातिनी, कोपिला मणी जैसीकी छोरी, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं ५ बस्ने बर्ष ५० की विष्णु माया खराल (ना.प्र.प.नं ३२७६, मिति २०४४/११/२३ जि.प्र.का, चितवन)........ ।

३. घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता. नंः १८७१३/०५९/६० मिति २०५९/०२/०९ मा दर्ता भई चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०४ मा रजिष्टर्ड ठेगाना रहेको **एस के सप्लायर्स** ........।

४. वणिज्य कार्यालयमा दर्ता. नंः २३१०३/०६२/६३ मिति २०६२/०४/०५ मा दर्ता भई चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०५ मा रजिष्टर्ड ठेगाना रहेको **न्यू सुनिल ट्रेडर्स** ........।

**जमानीकर्ताहरूको विवरण:**

१. झयामानन्द खरालको नाति, उमाकान्त खरालको छोरा, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं ५ बस्ने बर्ष ५१ को **ईश्वरी प्रसाद खराल** (ना.प्र.प.नं ३३२८, मिति २०४४/११/२४ जि.प्र.का, चितवन)........। 

२. आत्माराम जैसीकी नातिनी, कोपिला मणी जैसीकी छोरी, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं ५ बस्ने बर्ष ५० की **विष्णु माया खराल** (ना.प्र.प.नं ३२७६, मिति २०४४/११/२३ जि.प्र.का, चितवन)........। 

**धितो सुरक्षणको विवरण:**

**ईश्वरी प्रसाद खराल**को नाममा मालपोत कार्यालय, भरतपुर, चितवनमा दर्ता भई जिल्ला, साविक नारायणगढ-६/ख, चितवन तथा नारायणगढ- ८/ख, चितवन स्थित कि. नं १८३५ र १५४१ को क्रमश क्षेत्रफल ०-०-८.५० (धुर) र १,७३९.५२ व.मी. जग्गा र सो जग्गामा बनेको घर सहीतको घरजग्गार सो घरजग्गाले चर्चेको लिगलगापात समेत ........।

## सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

**कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना**

**सूचना प्रकाशित मिति : २०७९/०७/२८ गते आर्थिक राष्ट्रिय दैनिक**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय ईटहरी, सुनसरीबाट सरल आवधिक कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ **(पैतिस) दिन भित्र** यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सोको नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई समेत कालो सूचीमा सूचिकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **ऋणी : गोविन्द सुवेदी**<br>बाबुको नाम : भीमराज सुवेदी<br>बाजेको नामः भीम बहादुर सुवेदी<br>ठेगानाः मादीमुलखर्क-५, संखुवासभा<br>हालः ईटहरी-०५, सुनसरी<br>ना.प्र.नं. : २४२२/४६५०८<br>जारी मितिः २०४८/११/२८<br>जारी जिल्लाः जि.प्र.का., संखुवासभा<br>**कर्जा शीर्षक : सरल आवधिक कर्जा**<br>**कर्जा लिएको शाखा : ईटहरी, सुनसरी**<br> | **१) नामः ओमादेवी बुढाथोकी**<br>बाबुको नाम : जय बहादुर बुढाथोकी<br>पतिको नामः गोविन्द सुवेदी<br>ठेगानाः तामाफोक-०१, संखुवासभा<br>हालः ईटहरी-०५, सुनसरी<br>ना.प्र.नं. ३४७०/२८०<br>जारी मितिः २०५६/०१/१२<br>जारी जिल्लाः जि.प्र.का., संखुवासभा<br> |
| **सुरक्षणमा रहेको धितोको विवरण** | |
| श्री मालपोत कार्यालय सुनसरीमा श्री गोविन्द सुवेदीको नाममा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला ईटहरी उप-महानगरपालिका ५/ङ को कि.नं. ३२८३, ३२११ र ३२८५ को क्षेत्रफल क्रमशः १२.७०, १३९.६९ र १६.९३ वर्ग मिटर को घर/जग्गा र सोले चर्चेको सम्पूर्ण लिग लगापात समेत । | |

## साउदीमा रोजगारीको अवसर

**कम्पनी : Lara Mohammed Al-shehri Transfers** मुलुक : Saudi Arabia शहर : Saudi Arabia, Riyadah

पूर्व स्वीकृति मिति : 2022/11/11 चलानी नं. 60191143 LT No. 275481

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव SR | मासिक तलव ने.रु. | हप्तामा काम गर्ने दिन | दिनमा काम गर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि | लागत खर्च भिसा शुल्क सहित |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | food and beverage counter worker | 4 | 0 | काममा अनुभवी | 1000 | ३४४७० | ६ दिन | ८ घण्टा | कम्पनीको नियम अनुसार | | छ | छ | २ वर्ष | निशुल्क |

मुलुक : Saudi Arabia शहर : Saudi Arabia, Riyadah

**कम्पनी : Madar Al Dahabi Operation and Maintenance Company**

पूर्व स्वीकृति मिति : 2022/11/10 चलानी नं. 60191145 LT No. 275289

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव SR | मासिक तलव ने.रु. | हप्तामा काम गर्ने दिन | दिनमा काम गर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि | लागत खर्च भिसा शुल्क सहित |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | KITCHEN WORKER | 12 | 0 | काममा अनुभवी | 1000 | ३४४७० | ६ दिन | ८ घण्टा | कम्पनीको नियम अनुसार | | छ | छ | २ वर्ष | निशुल्क |

मुलुक : Saudi Arabia शहर : Saudi Arabia, Riyadah

**कम्पनी : Mohamed Abdullah Mohamed Al-Mansour cafe to serve drinks**

पूर्व स्वीकृति मिति : 2022/11/11 चलानी नं. 60191144 LT No. 275482

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव SR | मासिक तलव ने.रु. | हप्तामा काम गर्ने दिन | दिनमा काम गर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि | लागत खर्च भिसा शुल्क सहित |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Coffee Maker | 3 | 0 | काममा अनुभवी | 1000 | ४८२५८ | ६ दिन | ८ घण्टा | कम्पनीको नियम अनुसार | | छ | छ | २ वर्ष | निशुल्क |

**अन्तर्वार्ता – मेनपावरको कार्यालय, काठमाडौंमा २०७९ मंसिर ५ गते (21 Nov. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्न | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | हवाई टिकट कस्ले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | रु. ७००।- कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | रु.१५००।- कामदार आफै | निशुल्क | १०,००० |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य सर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सो को एकप्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभागमा सम्पर्क राख्नुहोला ।

PIGEON HR SOLUTIONS PVT. LTD.
Pigeon H.R. Solutions Pvt. Ltd.

Lic. No. 1366/074/075
Gongabu-26, Kathmandu, Nepal
Tel : +977-1-4365022, 4364526
Email : pigeonhrsolutions@gmail.com
info@pigeonhr.com
www.pigeonhr.com

Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक

## सम्पादकीय

# मतदाता चुक्न नहुने बेला

यो पटक आफ्नो मतदान गर्दा यसअघि जितेका र अहिले दोहोरिन खोजेका पात्रहरूले त्यो कार्यकालमा के गरे भन्ने कुरा हरेक मतदाताले एक पटक सोच्नुपर्ने हुन्छ । मत हाल्ने बेलामा ती पात्रका विगत कस्ता रहे र खासगरी आफैँले प्रतिनिधि भनी पठाएको संस्थामा आफ्नो मतको सम्मान गरे कि अपमान भन्नेसम्म एउटा आधार प्रस्तुत गर्छ । विगतमा रातो पासपोर्ट बेच्नेदेखिका धेरै हुने/नहुने काम भए । उनीहरूका दलले जारी गरेका घोषणापत्र आफ्नो ठाउँमा छन् । त्यस्ता घोषणा भनको समग्रताका हुन् । तर आफूले छानेको एउटा सांसदले नाकामका कामहरु गरिदियो भने त्यो जिल्ला र क्षेत्रको बदनामी हुन्छ जसमा आफ्नो पनि संलग्नता रहेको मानिन्छ । त्यस्तो मान्छेलाई नछानिएको भए यस्तो बदनामीको स्थिति आउने थिएन भन्ने आफूमा नै एउटा पछुतोभाव रहन्छ । मतदानका बेलामा अलिकति ध्यान दिइयो भने त्यो स्थिति आउँदैन । त्यसकारण यसलाई सतर्क हुने समय भनिएको हो ।

यो चुनाव संविधानसभाले घोषणा गरेको संविधानअनुसार दोस्रो कार्यकालका लागि हो । यसको अर्थ हो, पहिलेको अवस्था कस्तो थियो भनी आफूले मतदान गर्न आँटेको पात्रका बारे ती दोहोरिन खोजेका छन् भने तुलना गर्न सकिन्छ । गएको २०७४ मंसिरमा सम्पन्न चुनावअनुसारको संसद्को पहिलो कार्यकाल असोजमा सकिएको हो । त्यतिबेलासम्म आइपुग्दा यो कालले धेरै अनुभव प्राप्त गरेको छ । दुई पटक त यसको विघटन नै भयो । नेताहरूबाट जननिर्वाचित सदनलाई उपेक्षा गरिएको यो अवस्था दुःखद रूपमा लिनुपर्ने गरी रेकर्ड कायम भएको छ । अर्को हो संसद्मा सांसदहरूको उपस्थिति न्यून हुनु, जसले निर्धारित समयमा निर्धारित काम सम्पन्न हुन सकेनन् । ख्याल गर्नुपर्ने कुरा हो संसद्मा गणपूरक संख्या अर्थात् एक चौथाइको संख्या पनि उपस्थित नभएर बैठक सर्दै गएका विवरणहरु समाचारमा आइरहे । दुई सय ७५ सांसद भएको सभामा ७० जनाको संख्या पनि उपस्थित नभएका अवस्था समान्य होइन, जसले बैठक नै स्थगित हुँदै आए । सांसदहरूलाई पूर्णकालीन तलबभत्ताको व्यवस्था हुन्छ । त्यसो भए जनताले छानेका यी प्रतिनिधि किन अनुपस्थित भए त ? संसद्मा हाजिर भएपछि ती सांसदले ट्याक्सी भाडा एक हजार र बैठकभत्ता एक हजार गरी दिनको दुई हजार भत्ता पाउँछन् । यसबाहेक उनीहरूका तलब छँदैछ । जब संसद्मा कुनै काम हुनलाग्दा एक चौथाइ पनि सांसद हुँदैनन् यो संख्याभित्र कम्तीमा आफूले छानेको सांसद नहोस् भन्ने अभिलाशा राखियो भने त्यस्ता व्यक्तिहरु आफ्ना प्रतिनिधि हुँदैनन् । सबैको नभए पनि आफ्नो मतको त राम्रो उपयोग गर्न सकिन्छ नै ।

संसद्मा बोल्ने इमान्दार सांसदहरूले भन्दै आउने गरेका छन्- प्रधानमन्त्री र मन्त्रीहरु नै संसद्प्रति जवाफदेही भएनन्, प्रतिनिधिसभा नियमावलीमा भएको व्यवस्था नै नहुने, सांसदले राखेको प्रश्नको जवाफ नदिने भएपछि हाजिर गर्दै हिँड्ने गरेका हुन्, यसैले पटक-पटक गणना गराउन माग गर्दै आइएको हुनुपर्छ । संसद् सचिवालयको अनुभव पनि ठीक छैन । एक पूर्वसचिवका अनुसार संसदीय दलहरूको भूमिका कमजोर देखियो, हाजिर गर्ने अनि बाहिर जान दिन भएन नि, प्रस्ताव निर्णयार्थ पेस गर्दा समेत कोरम नपुगेर बैठक स्थगित गर्नुपरेको देखेपछि आम मतदाताले सांसदलाई कसरी लिने ? सांसदको दायित्व नीति र विधि बनाउने हो । यो पूरा गरेको देखिएन ।

यहीँनेर भन्नुपर्छ, हामीले छाप लगाएको प्रतिनिधि त्यस्तो नहोस् । उच्चै स्तरको नेता भए पनि उसले आफ्नो दायित्व निर्वाह गरेको छ/छैन भनी मनैले सम्झने बेला यही हो । यो ठाउँमा मतदाता चुकेको अवस्थामा फेरि त्यही कुरा दोहोरिन्छ ।

# अर्थ



वित्तीय शब्दकोष

ऋषिलाल श्रेष्ठ

### Take Home Pay (लिने तलब)

पारिश्रमिक पाउने दिन कामदारले वास्तविकरूपमा बुझिलिने तलब । तलबबाट कट्टा गर्ने रकमहरु, कर, सामाजिक सुरक्षा बापत कट्टा रकम, बीमा रकम, अन्य कट्टा गरिएको शुल्क यसमा समावेश गरिँदैन ।

### Take Out (निकाल्नु)

दलालमार्फत कारोबार गर्दा सेयर खरिद वा बिक्री गर्दा दलाली लेखामा बाँकी रहेको रकम झिक्नु ।

### Take Over (स्वामित्व लिनु)

कारोबारमा भएको कम्पनी वा व्यापारलाई खरिद गरी या पुँजी विनिमय गरी वा अन्य तरिकाबाट आफ्नो अधिकारमा लिनु ।

### Tangible Assets (मूर्त सम्पत्ति)

भौतिकरूपमा देखिने जुनसुकै सम्पत्ति ।

### Tangible Value (मूर्त मूल्य)

चालू सम्पत्ति, उत्पादनका पूर्वाधार, मेसिन, उपकरण आदिको मूल्य ।

# राजनीति दलका घोषणापत्र र अर्थतन्त्र



*रूपनारायण खतिवडा*

> *शिक्षा तथा स्वास्थ्य सेवालाई इन्टरनेटको माध्यमबाट रूपान्तरण गरिने, आर्थिक क्षेत्रका विद्यमान नीतिगत, कानुनी र प्रक्रियागत अड्चनलाई व्यापक नयाँ चरणका 'ओम्निवस' सुधार गर्ने, कृषिको थप आधुनिकीकरण तथा व्यावसायिकीकरण गर्नेसम्मका विषयहरू नेपाली कांग्रेसले संकल्पपत्रमार्फत सार्वजनिक गरेको छ ।*

नेपालको संविधानको व्यवस्थाअनुसार यसवर्ष संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा रहने सरकारका तीनवटै तहहरूमा जनप्रतिनिधिहरूको छनोटका लागि निर्वाचनको सिलसिला चलिरहेको छ । गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट देशभरका स्थानीय तहमा दोस्रो कार्यकालका लागि जनप्रतिनिधिहरूको बहाली भइसकेको छ । यसैगरी, आगामी मंसिर ४ गतेका लागि तय भएको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्मुखमा आइसकेको छ । निर्वाचनको मिति नजिकिएसँगै यतिबेला सिंगो मुलुक चुनावी सरगर्मीले तातिरहेको छ । राजनीति दल, तिनका उम्मेदवार र कार्यकर्ताहरु चुनावी प्रचारप्रसारमा जुटिरहेका छन् । निर्वाचनमा होमिएका राजनीति दलहरूले निकै तामझामका साथ आफ्ना घोषणापत्र पनि सार्वजनिक गरिसकेका छन् । यसै मेसोमा मुख्य राजनीति दलले सार्वजनिक गरेका घोषणापत्रमा देशको अर्थतन्त्रलाई कसरी र कुनरूपमा सम्बोधन गरिएको छ भन्ने विषयमा चर्चा गर्नु सान्दर्भिक हुन आउँछ ।

लोकतान्त्रिक परिपाटीमा राजनीति दलहरूका आफ्ना दर्शन, विचार र देश विकासका 'भिजन'लाई जनतासमक्ष प्रस्तुत गरी जनअनुमोदन गराउने तथा शासन सञ्चालनको वैधानिकता प्राप्त गर्ने औपचारिक माध्यम नै निर्वाचन हो । यही कारण, निर्वाचनअघि निर्वाचनमा भाग लिएका हरेकजसो राजनीति दल र तिनका कतिपय उम्मेद्वारहरूले समेत निर्वाचनमा विजयी भएमा आफ्नो कार्यकालमा आम जनताको हितका लागि गर्नसक्ने सार्वजनिक 'एजेण्डा'हरूलाई समेटेर घोषणापत्र वा प्रतिबद्धतापत्र जारी गर्ने परम्परा रहीआएको छ । लोकतान्त्रिक शासन व्यवस्था अवलम्बन गरिएको मुलुकका सचेत मतदाताहरूका लागि निर्वाचनअघि राजनीति दलले जारी गर्ने घोषणापत्रले आफैँमा ठूलो महत्व राख्दछ । दलविशेषले घोषणापत्रमार्फत जारी गर्ने नीति र योजनाहरूको मूल्यांकन गरेर उपयुक्त ठानिएको दल तथा उम्मेद्वारलाई आफ्नो मत जाहेर गर्ने विकल्प विवेकशील मतदातासँग रहेको हुन्छ । तथापि, नेपालको सन्दर्भमा यसकिसिमको सचेत परिपाटीको अपेक्षित विकास हुनसकेको पाइँदैन । एकातिर, राजनीति दलहरूमा निर्वाचनपछि चुनावी घोषणापत्रलाई बिर्सने पुरानै रोग देखिनेगरेको छ भने अर्कोतिर, घोषणापत्रको गहन अध्ययन गरेर मत जाहेर गर्ने मतदाताहरूको संख्या पनि अत्यन्त न्यून मात्रै रहन्छ । यति हुँदाहुँदै पनि राजनीति दलहरूले जारी गर्ने घोषणापत्रको पूरापूर नजरअन्दाज गर्नसकिने स्थिति भने छैन ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका सन्दर्भमा मुख्य राजनीति दलहरूले सार्वजनिक गरेका चुनावी घोषणापत्र सरसर्ती हेर्ने हो भने यसपटक आर्थिक समृद्धि र विकासलाई सबै दलहरूले उच्च प्राथमिकतामा राखेको देख्न पाइन्छ । विगतमा भएका निर्वाचनहरूमा सार्वजनिक गरिने दलीय घोषणापत्रहरूमा राजनीति र सामाजिक विषयहरूले बढी महत्व पाउनेगरेको सन्दर्भमा यसपटक विकास र समृद्धिको एजेण्डाले तुलनात्मक रूपमा उच्च प्राथमिकता पाउनु निश्चय नै आम मतदाताका लागि खुशीको विषय हो । राजनीति दलहरूले पटक-पटक आर्थिक क्रान्तिको कुरा उठाउने गरे पनि दलहरूका नीति, प्राथमिकता र व्यवहारमा यो विषयले उति महत्व पाउन नसकिरहेको अवस्थामा घोषणापत्रमार्फत नै भए पनि मुलुकको अबको ध्यान आर्थिक समृद्धि र विकासतर्फ केन्द्रित हुनथालेको प्रस्ट संकेत प्रमुख राजनीति दलहरूले गरेका छन् ।

सरकारको समेत नेतृत्व गरिरहेको दल नेपाली कांग्रेसले 'संविधानको रक्षा, स्थायित्व र समुन्नतिको आधार : नेपाली कांग्रेसको नेतृत्वमा अबको सरकार' भन्ने नाराका साथ चुनावी संकल्पपत्र सार्वजनिक गरेको छ । नेपाली कांग्रेसले आफ्नो संकल्पपत्रमा आगामी पाँच वर्षभित्र न्यूनतम वार्षिक ७ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने, १२ लाख ५० हजार नयाँ रोजगारी सिर्जना गर्ने, पाँच वर्षमा वार्षिक २० लाख पर्यटक भित्र्याउने र दैनिक पर्यटक खर्च एक सय डलर पुऱ्याउनेलगायतका लक्ष्य राखेको छ । यसका साथै, अर्थतन्त्रको तुलनामा विप्रेषणको आकार २३ प्रतिशत रहेकोमा आगामी १० वर्षमा यसलाई १० देखि १२ प्रतिशत विन्दुले घटाउन स्वदेशमै सम्मानजनक रोजगारीको अवसर सिर्जना गर्न उद्यममैत्री वातावरण बनाउने उद्देश्य नेपाली कांग्रेसको संकल्प पत्रमा उल्लेख छ । भौतिक पूर्वाधारतर्फ पूर्व-पश्चिम लोकमार्गलाई चार लेनको बनाउने, निजगढ-काठमाडौं द्रुतमार्ग, हुलाकी सडक, मध्यपहाडी र मदन भण्डारी राजमार्ग, भेरी, कर्णाली र महाकाली कोरिडोरलगायतको निर्माण पाँच वर्षभित्र सम्पन्न गर्ने योजना नेपाली कांग्रेसले अघिसारेको छ । सामाजिक सुरक्षातर्फ सबै नागरिकलाई समेट्ने उद्घोषका साथ'कोखदेखि शोक'सम्म नारामा सामाजिक सुरक्षाको एकीकृत अवधारणा पनि संकल्पपत्रमा समेटिएको छ ।

आगामी पाँच वर्षभित्र विद्युत्को कुल जडित क्षमता १० हजार मेगावाट पुऱ्याउने र प्रत्येक नेपालीको घरमा बिजुली पुऱ्याई औसत प्रतिव्यक्ति वार्षिक विद्युत् खपत १२ सय किलोवाट आवर पुऱ्याउने, सुनकोसी-मरिन डाइभर्सन, रानी-जमरा कुलरिया, सिक्टा, भेरी-बबई तथा बबइ सिँचाइ आयोजनाहरु समयमै सम्पन्न गरिने, हरेक नेपालीलाई स्वच्छ खानेपानीको व्यवस्था गर्न 'एक घर एक धारा' कार्यक्रम यसै दशकभित्र सम्पन्न गरिनेजस्ता कार्यक्रमहरु कांग्रेसको संकल्पपत्रमा समेटिएका छन् ।

शिक्षा तथा स्वास्थ्य सेवालाई इन्टरनेटको माध्यमबाट रूपान्तरण गरिने, आर्थिक क्षेत्रका विद्यमान नीतिगत, कानुनी र प्रक्रियागत अड्चनलाई व्यापक नयाँ चरणका 'ओम्निवस' सुधार गर्ने, कृषिको थप आधुनिकीकरण तथा व्यावसायिकीकरण गर्नेसम्मका विषयहरु नेपाली कांग्रेसले संकल्पपत्रमार्फत सार्वजनिक गरेको छ ।

नेकपा नेकपा (एमाले)ले 'पाँच वर्ष : एमालेले गर्छ' शीर्षकका साथ आफ्नो घोषणापत्र सार्वजनिक गरेको छ । एमालेल सुशासन, विकास, समृद्धि र समानताका लागि पाँचवर्षे नीति तथा प्राथमिकताअन्तर्गत अर्थतन्त्र सम्बद्ध थुप्रै नीतिहरु अघिसारेको देखिन्छ । जसमा, देशको कुल गार्हस्थ्य उत्पादनलाई आगामी पाँच वर्षभित्र एक सय खर्ब पुऱ्याइने, नेपालीको औसत प्रतिव्यक्ति आम्दानी तीन लाख पुऱ्याउने, नेपाल भ्रमण गर्ने विदेशी पर्यटकहरूको संख्या पाँच वर्षभित्र २५ लाख पुऱ्याइने गरी आर्थिक सामाजिक विकासका योजना र कार्यक्रम अघि बढाउने उद्घोष गरिएको छ । प्रारम्भमा सात प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्दै आगामी पाँच वर्षभित्र वृद्धिदरलाई दुई अंकमा पुऱ्याइने, अर्थव्यवस्थामा समाजका सबै वर्ग र तप्काको सहभागिता गराई विकासको समावेशी मोडेलको कार्यान्वयन गर्ने, कृषि तथा वन, उद्योग, पर्यटन, ऊर्जा, सूचना प्रविधि र भौतिक पूर्वाधारलाई आर्थिक विकासको प्रमुख संवाहकका रूपमा विकास गर्नेजस्ता विषयहरु घोषणापत्रमा समेटिएका छन् । भौतिक पूर्वाधारतर्फ निर्माणाधीन पूर्व-पश्चिम विद्युतीय रेलमार्गको बर्दिवास निजगढ खण्डको निर्माणसम्पन्न गरी रेल सञ्चालन गर्ने, निजगढ बुटवल खण्डको निर्माणकार्य अघि बढाइने, रसुवागढी काठमाडौं रेलमार्ग र वीरगञ्ज काठमाडौं रेलमार्गको निर्माण सुरू गरिने, काठमाडौं उपत्यकामा मेट्रोरेल, सहरी केबलकार एवं पड-वेजस्ता आधुनिक परिवहन सेवा सञ्चालनको अध्ययन गरी कार्यान्वयन गरिनेजस्ता कार्यक्रमहरु एमालेको घोषणापत्रमा समेटिएका छन् । १२ नयाँ औद्योगिक क्षेत्र, १५ विशेष आर्थिक क्षेत्र र एक सय तीन औद्योगिक ग्रामको पूर्वाधार विकास गरी उद्योगहरूको स्थापना गर्नेदेखि लिएर आगामी १० वर्षमा विद्युत् उत्पादन क्षमता १५ हजार मेगावाट पुऱ्याउनेसम्मका लक्ष्यहरु एमालेको घोषणापत्रमा समेटिएका छन् ।

'समृद्धिका लागि क्रमभङ्गता' शीर्षकमा अर्को ठूलो दल नेकपा (माओवादी केन्द्र)ले चुनावी प्रतिबद्धता पत्र सार्वजनिक गरेको छ । माओवादीको प्रतिबद्धतापत्रमा आर्थिक सामाजिक रूपान्तरणका मुख्य नीतिहरूअन्तर्गत समृद्धिका लागि क्रमभङ्गताको राष्ट्रिय आवश्यकता पूरा गरिने, पाँच वर्षभित्र गरिबी आधा घटाउने, एक वर्षभित्र गरिबीको रेखामुनि रहेका सबै नागरिकलाई 'राज्य सुरक्षा कार्ड' वितरण गर्ने, पाँच वर्षभित्र २० लाख युवालाई रोजगार र स्वरोजगार बनाउनेजस्ता कार्यक्रमहरु समेटिएका छन् । यस्तै, कृषि क्षेत्रको विकासका लागि हरेक प्रदेशमा मल कारखाना स्थापना गर्ने, पूर्व-पश्चिम रेल्वे निर्माणकार्य समयमै सम्पन्न गर्नेजस्ता विषयहरु नेकपा (माओवादी केन्द्र)को चुनावी प्रतिबद्धतापत्रमा उल्लेख भएका छन् । चुनावी गठबन्धनको अर्को घटक नेकपा (एकीकृत समाजवादी)को घोषणापत्रमा कृषिको आधुनिकीकरण, उत्पादन एवं व्यापार वृद्धि, सेवाक्षेत्रको विकास एवं विस्तारलगायतबाट परनिर्भरता कम गर्दै आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्नु मुख्य आर्थिक कार्यभारका रूपमा उल्लेख गरिएको छ । यी प्रमुख दलहरूका अतिरिक्त चुनावमा होमिएका अन्य राजनीति दलहरूले समेत आफ्ना घोषणापत्रमा अर्थतन्त्रका विषयवस्तुहरूलाई उच्च महत्वका साथ उठान गरेको देखिन्छ ।

प्रमुख दलका घोषणापत्रमा समेटिएका आर्थिक विकास र समृद्धिका कतिपय विषयवस्तुहरु राष्ट्रिय महत्वका ठूला र महत्वकांक्षी योजनाका रूपमा रहेका देखिन्छन् । यद्यपि, यी घोषणा र प्रतिबद्धताहरु कार्यान्वयनमा खरो उत्रन सक्ने हो भने आमरूपमा मुलुकको बृहत्तर हित एवं समृद्धिका लागि आवश्यक नै हुन् । अर्कोतर्फ, चुनावी घोषणापत्र आफैँमा सम्बन्धित दलका लागि कानुनतः बाध्यकारी दस्तावेज र योजना भने होइन । चुनावमा प्राप्त नतिजाका आधारमा घोषणापत्रको कार्यान्वयन गर्ने नैतिक एवं राजनीति दायित्व सम्बन्धित राजनीति दलमा रहेको हुन्छ । घोषणापत्रमार्फत अघि सारिएका नीति, कार्यक्रम र प्रतिबद्धताहरूलाई प्राप्त जनमत र राजनीति दल विशेषको 'पोजिसन'का आधारमा कार्यरूपमा बदल्न नसक्ने हो भने यी घोषणाहरु केवल सुन्दर कागजी दस्ताबेजमा परिणत हुने खतरा पनि उत्तिकै रहन्छ ।

राजनीति र अर्थतन्त्रबीच सोझो सम्बन्ध रहने र एक-अर्काका परिपूरक भएकाले अर्थतन्त्रलाई सहीरूपमा दिशानिर्देश गर्नका लागि राजनीति क्षेत्रको प्रतिबद्धता र भिजन अपरिहार्य रहन्छ । यो स्थितिमाप्रमुख राजनीति दलहरूको चुनावी घोषणापत्रमा आर्थिक समृद्धि र विकासका दृष्टिले समेटिएका विषयहरु मोटामोटी रूपमा आफैँमा नराम्रा छैनन् । मुख्यरूपमा दलीय घोषणापत्रमा यस विषयका बृहत्तर आयामहरूले पर्याप्त स्थान पाउनु नेपालको सन्दर्भमा आफैँमा स्वागतयोग्य रहेको छ । यो अवस्थामा निर्वाचनपश्चात् पनि आगामी दिनहरूमा राजनीति दलहरूको ध्यान आर्थिक क्रान्तितर्फ केन्द्रित हुन र घोषणापत्रमा उल्लिखित विषयहरूको व्यावहारिक रूपान्तरण हुनसकेमा मुलुकले कोल्टे फेर्नसक्ने आशा गर्न सकिन्छ ।

# वनजंगल नै जीवनको आधार



*विश्वनाथ खरेल*

सृष्टिको मिर्मिरेदेखि नै प्राकृतिकबाट अनुपम उपहारस्वरूप प्रदान गरिएको वनजंगल, जल, जमिन, जडीबुटी आदि हुन् । यसमध्ये वनजंगल पनि एक प्रमुख जीवनको आधारशीला हो । सोको सदुपयोग र संरक्षण गर्ने मानवताको प्रथम कर्तव्य हुनजानेछ । मानवको जन्मदेखि मृत्युपर्यन्त यी वस्तुहरूको आवश्यक पर्छ । हाम्रो मुलुकलाई केही वर्षअगाडि 'हरियो वन नेपालको धन' भन्ने उक्ति अहिले आएर काहवतमा मात्र सीमित भएको छ । यसरी क्रमशः जन्मिरहेका मानिस र अन्य प्राणीहरूलाई सन्तुलित वातावरण कायम गर्नको लागि प्रत्येक राष्ट्रलाई ४३ प्रतिशत वन जंगलको आवश्यक पर्छ । त्यस्तैगरी विगतका अढाई दशकभन्दा अगाडी कूल भू-भागको झण्डै आधाजति वनजंगल रहेकोमा अहिले देशमा कुल क्षेत्रफलको ३९ दशमलव ६ प्रतिशत मात्र वन क्षेत्र रहेको सरकारी तथ्यांकमा उल्लेख छ । हाम्रो देशमा मात्र नभई विश्वव्यापी रूपमा दूषित हँदै गएका ओजोन लियर, ग्रीन हाउस इफेक्ट, कार्बन मनोअक्साइड, अक्सिजन कमी, कार्बनडाइअक्साइडको मात्रा बढी आदि कारणले गर्दा जनमानस नै प्रतिदिन दुषित हुँदैछ । तर, मानव भोजनको अभावमा केही दिन जीवित रहन सक्छ तर वायुविना केही मिनेटभन्दा बढी जीवित रहन सम्भव छैन । फलतः एउटा स्वस्थ मानिस दिनको २२ सय चोटी सास फेर्छ र यसरी सास फेर्दा उपयोगमा ल्याइएको वायुको महत्व खाएको भोजनको मात्राभन्दा झण्डै २० गुणा बढ्ता हुन्छ । यसरी प्रत्येक मानवलाई दैनिक १६ केजी अक्सिजन सास फेर्न आवश्यक पर्छ । यसको आपूर्ति रूखबिरूवाबाट सम्भव छ । यसरी एउटा मनुष्यलाई प्राणवायुका लागि १२ वटा गोब्रे सल्लाका रूखहरूको आवश्यकता पर्दछ । त्यस्तैगरी एक हुर्किएका सय वर्षका भोजपत्रले करिब आठ सय घरका एक वर्षको हावालाई शुद्ध पार्ने कार्य गर्दछ । यस क्रममा एक स्वस्थ भोजपत्रका रूखले सात हजार जीवात्मालाई बासस्थान दिन्छ । त्यस्तै अनुसन्धानबाट थाहा भएको छ वायुमण्डलमा भएको करिब २१ प्रतिशत प्राणवायु अक्सिजन संसारका प्रत्येक व्यक्तिले स्वास क्रियामा प्रयोग गर्दछन् । एक व्यक्तिका लागि स्वास फेर्ने कार्यका लागि मात्र पनि छवटा रूखको जरूरत पर्दछ । एक वृक्षले सरदर २.७ केजी प्राणवायु वायुमण्डलमा फ्याँक्छ ।

विश्वमा प्रतिमिनेट ३२ हेक्टर जमिन रूखविहीन भएका छन् । यसरी विश्वमा वातावरण विनाश अहिलेको गतिमा जाने हो भने केही वर्षसम्म प्रत्येक आधा घण्टामा एकजाति प्रजाति जीवको लोप हुने अनुमान छ । प्रतिवर्ष विरूवाबाट ८० लाखदेखि दुई करोड हेक्टर जंगलको विनाश, त्यसबाट लोप भएका एक सय ३० जातका जंगली चराहरु स्तनधारी जन्तुहरु र १० प्रतिशत फूल फूल्ने जातका रूखहरु वर्षेनी बग्दै गएको माटोको इतिहास, मरूभूमीकरण भएका ८० करोड हेक्टर भूमि र प्रतिवर्ष ६० लाख हेक्टरका दरले उर्वरा भूमि मरूभूमीकरण हुने तथ्यले केही वर्षभित्र वातावरणीय र भौगोलिक दृष्टिले समेत पृथ्वीको नक्शा नै बदलिने संकेत मिलेको छ । यसैगरी प्राकृतिकलाई विनाशबाट जोगाउँदै लैजाने हो भने प्राकृतिकबाट परिपूर्ति हुने जस्तैः गाँस, बास, कपास, औषधि आदिको ९० प्रतिशत योगदान यसै क्षेत्रबाट आपूर्ति हुन्छ । पृथ्वीमा ५० लाखदेखि तीन करोडसम्म जीवहरु रहेको अनुमान जीवशास्त्रीहरूले गरे पनि हालसम्म १० लाख ५० हजार प्राणी र दुई लाख ५० हजार वनस्पति गरी कुल १३ लाख जीवहरूको नामाकरण भएको अड्कल काटि्एको छ । त्यसरी नै वन जंगल र वातावरण कृषि कार्यको लागि अपरिहार्य रहेको छ । जसको अभावमा कृषिको उन्नति गर्ने कार्यलाई दिवा सपना मान्न सकिन्छ । एक आधिकारिक तथ्यांकअनुरूप विश्वमा प्रतिसाल १९ करोड ८० लाख हेक्टर वन मासिन थालेको छ । प्राकृतिको अथाहा भण्डारमा जैविक विविधताको महत्वपूर्ण स्थान रहेको छ । यसमा एक करोडदेखि आठ करोड प्रकारका जीव जीवाणुहरूका महत्व आ-आफ्नै किसिमको छ । पर्यावरण प्रदूषणको अर्को नकारात्मक उपलब्धि ओजोन तह विनाश पनि हो ।

हाम्रो देशको कुरा गर्ने हो भने पृथ्वीको शून्य दशमलव एक प्रतिशतभन्दा कम क्षेत्रफल मात्र ओगट्ने मुलुकले संसारभरिका झण्डै २ प्रतिशत फूल फुल्ने वनस्पतिहरूको प्रतिनिधित्व गर्दछ । त्यसरी नै विश्वको सर्वोच्च शिखर सगरमाथालगायत देशको ७० प्रतिशतभन्दा बढी भू-भाग पहाडै पडाडले ढाकेको छ । यसरी पहाडी क्षेत्रमा वर्षेनी देखापर्ने भोकमरी, वार्षिक २ दशमलव ३ प्रतिशतले भइरहेको वन विनाश, वर्षेनी ४० देखि २ सय टन प्रतिहेक्टरका दरले हुनेगरेका भू-क्षय, चुरे तथा मध्य पहाडी क्षेत्रमा वन विनाश र भू-क्षयले निम्त्याएको मरूभूमीकरण र त्यसले गर्दा पहाड र तराईमै गिर्दो कृषि उत्पादकत्व एवं बाढीपहिरो तथा जलाशय पुरिनेजस्ता समस्याले भर्खरै विकास र औद्योगिकीकरणमा बामे सर्न लागेको मुलुकमा विकराल समस्या उत्पन्न हुनसक्ने खतराको संकेत देखा परिसकेको छ । यसर्थ कृषि प्रणालीलाई दिगोरूपले निरन्तरता दिन प्रतिहेक्टर र खेतीयोग्य जमिनको व्यवस्थापन गर्न झण्डै २-३ हेक्टर वन जंगलको आवश्यकता पर्छ । जैविक विविधताको संरक्षण तथा सदुपयोग खाँचो आजको बदलिँदो विश्वसमुदायलाई चुस्त हुँदै गएको छ । अहिलेको विद्यमान वातावरणको ह्रास कायमै रहेको खण्डमा केही वर्षपछि प्रत्येक आधा घण्टामा एक जाति वा प्रजाति जीवको लोप हुने अनुमान छ ।

समग्रमा भन्नुपर्दा मानवकै अज्ञानको कारणबाट नै वन जंगल विनाश, भू-क्षय आदि हुनेगरेको छ । सर्वप्रथम वातावरणमा ह्रास ल्याउने मानिस नै हो भने यसको निराकरण गर्ने पनि मानिस हो । यसरी विकासशील देशहरूमा कहालीलाग्दो जनसंख्या वृद्धिले गर्दा वन-साधनमा ठूलो चाप पर्न गई भू-क्षय हुने, पहिरो जाने, बाढीको प्रकोप बढ्ने, अतिवृष्टि तथा अनावृष्टि हुने समस्या देखा परी पर्यावरणीय सन्तुलनलाई प्रतिकूल बनाएको छ । यसरी प्रकृतिका सन्ततिहरूमध्ये मानिस सर्वश्रेष्ठ प्राणी हो । यसको सम्बन्ध प्रकृतिसँग अरूको भन्दा गहिरो र व्यापक सम्बन्ध छ । आजको एक्काईसौँ शताब्दीको खुड्किलोमा वनजंगलको विनाशले जटिल समस्याहरु जन्म भएको छ । यसको असर सोझै प्रकृतिमा पर्न गई वातावरणीय असन्तुलनको स्वरूपको रूपमा आज यसले मानव जातिलाई नै ठाडै चुनौती दिइरहेको छ । यसरी देशको आर्थिक तथा सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउने महत्वपूर्ण माध्यमको रूपमा वन जंगल नै रहेको छ । फलतः वनजंगलको संरक्षण, सवर्द्धन र व्यवस्थापनको जिम्मेवारी बोकेको आधिकारिक निकाय वन विभाग हो । यसर्थ वनजंगलको उत्पादन एवं उत्पादकत्व वृद्धि गरी राष्ट्रिय विकासमा योगदान पुऱ्याउन, वातावरणीय सन्तुलन कायम गर्न, वन जंगलमाथि सबै क्षेत्रबाट भइरहेको अतिक्रमण रोकी प्राणीजगतको अस्तित्वको अनिवार्य तत्वको रूपमा रहेको वनजंगलको प्रभावकारी व्यवस्थापनको खाँचो परेको छ । यसरी आम जनताको दैनिक जीवनयापनको अभिन्न अंगको रूपमा रहेको तथा गरिबी निवारणसँग प्रत्यक्ष जोडिएको वन तथा वन पैदावारको व्यवस्थापनलाई प्रभावकारी बनाउनुको अतिरिक्त विश्वव्यापी रूपमा जनवायु परिवर्तनबाट सिर्जित समस्याहरूको न्यूनीकरणको चुनौती सामना गर्नको लागि सबैले यस क्षेत्रमा सक्दो योगदान गर्ने बेला आइपरेको छ ।

# ४७ करोड डलरको क्रिप्टो ह्याकबारे अनुसन्धान गर्दै एफटीएक्स




■ एजेन्सी
अमेरिका, कात्तिक २७

क्रिप्टोकरेन्सीको विनिमय गर्ने कम्पनी एफटीएकसले सम्भावित करोडौँ डलर ह्याकबारे अनुसन्धान सुरू गरेको छ । शुक्रबार मात्र ऋणमा डुबेको कम्पनीले ४७ करोड १३ लाख अमेरिकी डलरको क्रिप्टो चोरिएको आशंकामा अनुसन्धान थालेको हो ।

कम्पनीले आफ्ना सबै क्रिप्टो सम्पत्ति अफलाइनमा राखेको शनिबार जनाएको छ । क्रिप्टो जोखिम व्यवस्थापन कम्पनी एलिप्टिकले ४० करोड डलरभन्दा बढीको क्रिप्टो हराएको बताएको छ ।

एफटीएक्सका जनरल काउन्सिल रायन मिलरले कम्पनीले सावधानीका कदम चालेको जनाएको छ । कम्पनीले आफ्ना सबै डिजिटल एसेट्सलाई इन्टरनेटबाट अलग गरेको उनले बताए । मिलरले एक ट्विटमार्फत यसबारे जानकारी गराएका हुन् । अनुसन्धानको क्रममा अनधिकृत कारोबारको खोजी गरिरहेको छ । थप विवरण पछि बताउने कम्पनीले उल्लेख गरेको छ । स्टेबल क्वाइन्स र अन्य हराएका टोकनलाई एथरमा रूपान्तरण गर्ने काम भइरहेको छ । एथर बिटक्वाइनपछिको दोस्रो ठूलो क्रिप्टोकरेन्सी हो ।

क्रिप्टो उद्योगमा एफटीएक्स गत हप्तासम्म एउटा शक्तिशाली खेलाडी थियो । तर यो कम्पनी अहिले ऋणमा डुबेको छ । यसका ३० वर्षे संस्थापक तथा प्रमुख कार्यकारी साम बेंकम्यान फ्रायडले राजीनामा दिएका छन् भने एक हप्ताअघि १६ अर्ब डलरको सम्पत्ति रहेकामा अहिले शून्यमा झरेका छन् । टाट पल्टेपछि कम्पनीसँग १० अर्ब डलरदेखि ५० अर्ब डलरसम्मको अनुमानित दायित्व र पुँजी रहेको एफटीएक्सले जनाएको छ ।

## जी२० सम्मेलन:
# बाइडेन–सी भेटवार्ता हुँदै



जकार्ता, कात्तिक २७ । अमेरिकी राष्ट्रपति जो बाइडनले चिनियाँ समकक्षी सी चिनफिङसँगको उच्चस्तरीय वार्तामा बेइजिङसँगको तनावपूर्ण सम्बन्धमा विवादको विन्दु (रेड लाइन) स्थापित गर्ने प्रयास गर्ने बताएका छन् ।

एएफपीका अनुसार सोमबार इन्डोनेसियामा हुने जी-ट्वन्टी शिखर सम्मेलनका क्रममा विश्वका २० ठूला अर्थतन्त्र भएका मुलुकका नेताहरूले महामारीपछिको सबैभन्दा ठूलो जमघट गर्नेछन् । मध्यावधि चुनावमा डेमोक्रेटिक पार्टीको अनपेक्षित सफलता र बाइडेनले राष्ट्रपतिका रूपमा सीसँग पहिलो पटक प्रत्यक्ष भेटवार्ता हुन लागेको बताएका छन् ।

तर यो शिखर सम्मेलन बेइजिङ र वासिङ्टनको प्रतिद्वन्द्विता तीव्र हुँदै गएको बेला भएको छ किनकि एक शक्तिशाली र दृढ चीनले अमेरिकी नेतृत्वको अन्तर्राष्ट्रिय व्यवस्थाप्रति फरक मत राख्दै आएको छ । विश्वका दुई ठूला अर्थतन्त्र भएका मुलुकबीच चीनको सिन्जियाङ क्षेत्रमा व्यापार, मानव अधिकार र स्वशासित टापु ताइवानको हैसियतका विषयमा विवाद रहेको र बाइडेनले सीसँग 'सिधा छलफल' हुने अपेक्षा गरेको बताएका हुन् ।

इन्डोनेसियाको बाली टापुमा रहेको जी-ट्वन्टी सम्मेलनमा जानुअघि एसियाली नेताहरूसँग भेट गरेका उहाँले नोमपेनमा पत्रकारसँग भने, 'म सी चिनफिङलाई चिन्छु, उहाँले मलाई चिन्नुभएको छ ।'

बाइडेनले चीन र अमेरिकाबीच निकै थोरै मात्र मतभिन्नताहरु रहेको भन्दै रातो रेखा के हो भनेर खोज्ने अवसर पाएको उल्लेख गरेका छन् । अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले बाइडेन बाली उड्दै गर्दा पत्रकारहरूसँग बताएअनुसार अमेरिकी राष्ट्रपति ट्रम्पले दुई देश, दुई राष्ट्रपति र उनीहरूका टोलीले महत्वपूर्ण मुद्दाहरूमा सहयोगात्मक रूपमा काम गर्न सक्ने विषय यस बैठकबाट बाहिर आउने आशा गरेका छन् ।

उत्तर कोरियाले छिट्टै सातौँ पटक आणविक परीक्षण गर्ने अपेक्षाबीच बाइडेनले चीनलाई उत्तर कोरियामाथि नियन्त्रणका लागि चिनियाँ राष्ट्रपति सीसँग आग्रह (दबाब) दिने अनुमान गरिएको छ ।


**Gurkhas Finance Ltd.**
**गोर्खाज फाइनान्स लि.**
Your Financial Friend
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
केन्द्रिय कार्यालय, चारखाल रोड, डिल्लीबजार, काठमाडौं
फोन नं.: ०१-४४३७४०१, फ्याक्स नं.: ०१-४०११५२५
Email: info@gurkhasfinance.com.np, Web site: www.gurkhasfinance.com.np

**धितोमा रहेको सवारी साधन लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना**

(प्रकाशित मिति : २०७९/०७/२८)

यस वित्तीय संस्थाको डिल्लीबजार, काठमाडौं शाखाबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको कर्जा रकम संस्थासँग कर्जा लिँदा गर्नु भएको शर्त कबुलियत बमोजीम भुक्तानी नगरी शर्तहरु उल्लंघन गर्नु भएकोले बक्यौता रकम भुक्तानीका लागि संस्थाबाट पटक-पटक मौखिक, लिखित तर-ताकेता गर्नुका साथै कर्जा चुक्ता/भुक्तानी गर्न आउन भनि ३५ दिने सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सोको पूर्ण बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेकोले पूनः यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जना लगायतका अन्य दै दस्तुर समेत चुक्ता/भुक्तान गर्न/गराउनको लागि सम्बन्धित ऋणी, जमानतकर्ता समेतलाई यो सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत सम्बद्ध सबैलाई ने.रा. बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, बमोजीम कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरिने व्यहोरा जानकारी गराउँदै, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ र अन्य प्रचलित ऐन, कानुन बमोजिम ऋणीले कर्जा लिँदा सुरक्षण बापत यस संस्थालाई धितो बन्धक लेखि/लेखाई दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएको हुँदा खरिद गरि लिन चहाने व्यक्ति संघ/संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्रमा निम्न मिति, समय र स्थानमा निम्न सर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नु हुन आव्हान गरिन्छ। प्राप्त शिलबन्दी फारमहरु सोह्रौं दिन (सो दिन बिदा भएमा सो को भोली पल्ट) खोलिने भएको हुँदा सो सम्पत्ति खरिद गरी लिन इच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुँन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति वित्तीय संस्था आफैले सकार गरी लिन वा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम वित्तीय संस्थाले लेना रकम असुल उपर गरी लिन सक्नेछ। उक्त सम्पत्तिबाट वित्तीय संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम बाँकी लेना रकम असुल उपर गर्नका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने तथा अन्य आवश्यक कानूनी कारवाही समेत अगाडी बढाइने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपसिल**

| क्र.सं | ऋणीको विवरण | धन/जमानीकर्ताको विवरण |
|---|---|---|
| १. | **शाखा कार्यालय : चारखालरोड डिल्लीबजार**<br>**कर्जा शिर्षक : हावर पर्चेज**<br>**नामः दास बाबु सिंह**<br>बाबुः रामानन्द सिंह<br>बाजेः कन्चन सिंह<br>ठेगानाः पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. १३<br>(ना.प्र.नं.३४३०२२-१३/७९७ मितिः २०६३।१२।२८ जि.प्र.का. पर्सा)<br> | **नामः सविता कुमारी**<br>बाबुः कुप्रेन्द्र झा<br>पतिः दास बाबु सिंह<br>ठेगानाः महोत्तरी जिल्ला धिरापुर गा.वि.स. वडा नं. ३<br>हाल, पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. १३<br>(ना.प्र.नं. २६७२३९५२ मिति २०५२।०९।१६ जि.प्र.का. महोत्तरी)<br> |

**धितोको विवरण**

(१) धनी गोर्खाज फाइनान्स लि. (ऋणी दास बाबु सिंह) कायम भई अञ्चल यातायात व्यवस्था कार्यालय वीरगंज, पर्सामा दर्ता रहेका तपसिल बमोजिमका सवारी साधनहरुः

**तपसिल**

| क्र.स | सवारी दर्ता नं. | Engine No. | Frame No./ CHASIS No. | Model No. | Type of Vehicle |
|---|---|---|---|---|---|
| १. | **ना ७ ख ५३२१** | **61H63540400** | **MAT412059G1R20580** | Lp 1512 Tc/52 | TATA BUS |
| २. | **ना ७ ख ५३२२** | **61H63540405** | **MAT412059G1R21194** | Lp 1512 Tc/52 | TATA BUS |

**बोलपत्र सम्बन्धी शर्तहरुः**

१. शिलबन्दी बोलपत्र आवेदन फाराम यस संस्थाको डिल्लीबजार, काठमाडौं शाखा कार्यालयबाट रु. १,०००/- (पछि फिर्ता नहुने गरि) जम्मा गरी प्राप्त गर्न सकिनेछ। यस सूचनाको मितिले १५ (पन्ध्र) दिन अर्थात मिति २०७९/०८/१२ गते कार्यालय समय भित्र संस्थाको सम्बन्धित डिल्लीबजार, काठमाडौं शाखा कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ।
२. बोलपत्र फाराममा खरिद गर्न ईच्छा गरेको प्रत्येक सवारी साधनको विवरण खुलाई बोलपत्र फारम भर्नु पर्नेछ र उक्त खरिद गरी लिन चाहेको सवारी साधन के कति रकममा खरिद गर्न चाहेको हो सो को व्यहोरा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अंकमा लेखिएको र अक्षरमा लेखिएको रकममा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइने छ।
३. बोलपत्र साथ आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम धरौटी वापत BID Account Payable (DAD) खाता नं. २१०००००१०८ मा वित्तीय संस्थाको डिल्लीबजार, काठमाडौं शाखा कार्यालयमा जम्मा गरेको सक्कल बैंक भौचर यसै बोलपत्र साथ पेश गर्नुपर्ने छ।
४. बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन। साथै धरौटी राखिएको रकममा व्याज प्रदान गरिने छैन।
५. बोलपत्र दाता व्यक्ति भए नागरिकता प्रमाण-पत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाण-पत्र र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नुपर्ने छ।
६. बोलपत्र पेश गर्ने अन्तिम दिन र बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनलाई बोलपत्र पेश गर्ने अन्तिम दिन मानिने छ र त्यसको भोलीपल्ट बोलपत्र खोलिने कार्य हुनेछ।
७. धितो निरीक्षण/सवारी साधन हेर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै गोर्खाज फाइनान्स लिमिटेडको कर्जा असुली विभाग डिल्लीबजार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखि निरीक्षण गर्न/हेर्न सकिनेछ।
८. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति/सवारी साधन बोलपत्रदाताको नाममा नामसारी, दाखिल खारेज गर्दा लाग्ने दस्तुर, कर, लाभ कर, नवीकरण, नामसारी, बीमा दस्तुर तथा अन्य सम्पूर्ण शुल्क/दस्तुरहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ।
९. कुनै शर्त पेश भएको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतःरद्द हुनेछ।
१०. बोलपत्र स्वीकृत भई सोको जानकारी दिएको १५ (पन्ध्र) दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सवारी साधन नामसारी गरि लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
११. प्राप्त कुनै पनि बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने कारण जनाई वा नजनाई रद्द गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ र सो कारवाही सम्बन्धी कुनै कुरा प्रकाशनमा ल्याउन वा जानकारी दिन संस्था बाध्य हुने छैन।
१२. सम्बन्धित ऋणीले बोलपत्र खोल्नु अगावै सम्पूर्ण कर्जा रकम चुक्ता गरेमा लिलाम प्रकृया स्वतः रद्ध हुनेछ।
१३. लिलाम प्रकृयाबाट सो जेथा कसैले सकार नगरेमा प्रचलित कानूनको अधिनमा रहि यस वित्तीय संस्थाले आफनो नाममा सकार गरी लिन सक्नेछ।
१४. लिलामी मुचुल्कामा नाम समाबेश भएको व्यक्ति वा कम्पनी बाहेक अन्यको नाममा धितो/सवारी साधन दाखिल खारेज/नामसारी गरिने छैन।
१५. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन र ती शर्त बन्देजहरु यसै सूचनाको अभिन्न अंग मानिनेछ।

**गोप्य शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः २०७९/०८/१२ गते दिनको १:०० बजेभित्र ।**
**शिलबन्दी बोलपत्र खोलिने मितिः २०७९/०८/१३ गते मंगलबार**
**समयः दिनको १:०० बजे**
**बोलपत्र खोलिने स्थान : गोर्खाज फाइनान्स लिमिटेडको कर्जा असुली विभाग डिल्लीबजार, काठमाडौं ।**
**(सम्पर्क फोन नं. ०१-४४३७४०१, ०१४४३७४०३)**



**SHIVAM CEMENT LIMITED**
Hetauda-16, Makawanpur, Nepal
**Corporate Office :** Siddhartha Insurance Bhawan, 2nd Floor, Anamnagar, Kathmandu
**GPO Box** 13478, **Tel:-** +977-01-5705993/5706804 **Fax:** +977-01-5706804
**Web :** www.shivamcement.com.np, **E-mail:** info@shivamcement.com

**Unaudited Statement of Financial Position**
**As At 17th Oct, 2022 (Ashoj 31, 2079)**

| Particulars | Shivam Cements | | |
|---|---|---|---|
| | 17th Oct, 2022 (Ashoj 31, 2079) | 16th July, 2022 (Ashad 32, 2079) | 17th Oct, 2021 (Ashoj 31, 2078) |
| **Assets** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant & Equipment | 3,527,241,703 | 3,632,387,299 | 3,965,781,738 |
| Intangible Assets | 595,496 | 636,314 | 656,268 |
| Investment | 4,474,707,375 | 4,168,613,575 | 3,866,274,575 |
| Other Non-Current Assets | 35,917,121 | 35,350,391 | 35,603,667 |
| **Total Non-Current Assets** | **8,038,461,694** | **7,836,987,580** | **7,868,316,248** |
| **Current Assets** | | | |
| Inventories | 2,289,412,735 | 2,541,993,840 | 2,446,324,287 |
| Financial Assets | | | |
| Trade Receivables | 1,735,991,698 | 1,655,693,121 | 1,933,423,964 |
| Cash & Cash Equivalent | 128,025,858 | 103,435,567 | 74,405,756 |
| Bank Balance (Other than Cash & Cash Equivalent) | - | - | 400,000,000 |
| Others | 27,146,321 | 27,325,547 | 56,035,362 |
| Other Current Assets | 147,714,519 | 167,429,519 | 375,820,540 |
| **Total Current Assets** | **4,328,291,133** | **4,495,877,593** | **5,286,009,909** |
| **Total Assets** | **12,366,752,827** | **12,332,865,173** | **13,154,326,157** |
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Equity Share Capital | 4,400,000,000 | 4,400,000,000 | 4,400,000,000 |
| Share Premium | 956,233,911 | 956,233,911 | 956,233,911 |
| Other Equity | 4,151,512,996 | 3,875,686,779 | 4,657,888,114 |
| **Total Equity** | **9,507,746,907** | **9,231,920,690** | **10,014,122,025** |
| **Non-Current Liabilities** | | | |
| Financial Liabilities | | | |
| Long Term Borrowings | 8,863,459 | 9,764,331 | 10,194,889 |
| Deferred Tax Liabilities | 89,220,252 | 94,114,358 | 110,661,241 |
| **Total Non-Current Liabilities** | **98,083,710** | **103,878,689** | **120,856,129** |
| **Current Liabilities** | | | |
| Financial Liabilities | | | |
| Trade Payables | 1,540,368,704 | 1,795,411,429 | 1,641,611,511 |
| Short Term Borrowings | 672,326,619 | 611,929,452 | 713,197,115 |
| Other Financial Liabilities | 177,525,409 | 161,874,294 | 178,067,652 |
| Other Current Liabilities | 357,307,838 | 408,755,566 | 434,928,649 |
| Provisions | 7,225,470 | 5,554,165 | 12,432,872 |
| Income Tax Liabilities (Net) | 6,168,170 | 13,540,886 | 39,110,205 |
| **Total Current Liabilities** | **2,760,922,210** | **2,997,065,793** | **3,019,348,003** |
| **Total Liabilities** | **2,859,005,920** | **3,100,944,483** | **3,140,204,132** |
| **Total Equity and Liabilities** | **12,366,752,827** | **12,332,865,173** | **13,154,326,157** |

**Unaudited Statement of Profit & Loss**
**For the Period Ended 17th Oct, 2022 (Ashoj 31, 2079)**

| Particulars | Shivam Cements | | |
|---|---|---|---|
| | Upto 1 Qtr 2079-80 | Upto 4 Qtr 2078-79 | Upto 1 Qtr 2078-79 |
| **Income:** | | | |
| Revenue From Operations | 1,534,531,714 | 9,260,381,106 | 2,206,711,250 |
| Other Income | 313,413,803 | 190,670,538 | 9,360,252 |
| **Total Income** | **1,847,945,516** | **9,451,051,644** | **2,216,071,502** |
| **Expenses:** | | | |
| Raw Materials Consumption | 583,014,519 | 3,804,086,180 | 1,247,614,846 |
| Electricity/Power & Fuel | 391,522,982 | 2,449,530,761 | 482,451,793 |
| Changes in Inventories of Finished Goods & Work-In-Progress | 132,184,325 | 230,098,183 | (238,829,960) |
| Employee Benefit Expenses | 135,171,092 | 527,016,888 | 139,945,741 |
| Depreciation & Amortization | 122,521,640 | 477,915,345 | 119,991,227 |
| Other Expenses | 193,936,671 | 1,084,984,971 | 214,027,641 |
| Finance Cost | 19,082,759 | 62,912,066 | 7,363,052 |
| **Total Expenses** | **1,577,433,987** | **8,636,544,395** | **1,972,564,341** |
| **Profit/(Loss) Before Tax** | **270,511,529** | **814,507,249** | **243,507,161** |
| **Tax Expense** | | | |
| Current Tax | 640,554 | 142,182,164 | 35,787,474 |
| Deferred Tax | (4,894,107) | (17,072,564) | (525,681) |
| **Net Profit/(Loss) For The Year** | **274,765,082** | **689,397,649** | **208,245,368** |

**Notes:** 1) Figures presented above may vary with the audited figures if instructed by regulators and/or statutory auditors.
2) Figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation of financial statement.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४**
(नियम २६ को उपनियम (१) सँग सम्बन्धित) आ.व. २०७९।०८० को प्रथम त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण:**
(क) प्रथम त्रैमासिक अवधिको वासलात, नाफा–नोक्सान सम्बन्धी विवरणः
यस संस्थाको प्रथम त्रैमासिक नाफा नोक्सान तथा वासलात सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ। यस अवधीको सम्बद्ध संस्थाहरुसंग भएको कारोवारको विवरण निम्न अनुसार रहेको छ :

| क्र.सं. | सम्बद्ध संस्थाहरूको नाम | कारोवार रकम (मू.अ. कर बाहेक) | |
|---|---|---|---|
| | | खरिद | विक्रि |
| १ | मोर्डन ईन्फाष्ट्रक्चर प्रा.लि. | ७,३४३,६६२।८४ | - |
| २ | अरविन्द इम्पोरियम प्रा.लि. | ६०,५६७,९८८।८९ | - |
| ३ | कन्स्ट्रक्शन सोलुशन प्रा.लि. | ८९४९१।५० | - |
| ४ | पशुपति सिन्प्याक इन्डष्ट्रिज प्रा.लि. | ६,९७५,०५८।०१ | - |
| ५ | टेक्नो जया ज्वयलर्स प्रा.लि. | २,५८३,०५०।०० | - |
| ६ | लक्ष्मी लाईम प्रोडक्स् | - | १,८१८,२९५।७० |
| ७ | होङ्सी शिवम् सिमेन्ट प्रा. लि | २७४,५१९,१८०।०० | |

(ख) प्रमुख बित्तीय अनुपातहरुः

| प्रति शेयर आम्दानी (वार्षिक) | प्रतिशेयर नेटवर्थ | प्रतिशेयर कूल सम्पतिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|
| २४।९८ | २१६।०९ | २८१।०६ | १।५७ |

**२. व्यवस्थापकीय विश्लेषण :**
क) समिक्षा अवधिमा संस्थाको मुनाफा तथा विक्री वितरण लक्ष्य अनुसार हुन नसकेको भएतापनि तरलता लगायत अन्य कुराहरुमा सन्तोषजनक रहेका छन्।
**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
विद्यमान अवस्थामा संस्थाले उद्योगको पूर्ण क्षमता अनुसारको उत्पादन र विक्री वितरण गरी उच्च गुणस्तरीय सिमेन्ट आम उपभोक्ताहरुका बीचमा पुऱ्याउने सम्बन्धि कार्यहरु गरी मानवश्रोतको कार्यक्षमतामा विस्तार गर्नुका साथै समयानुकुल व्यवसायिक कार्ययोजनाको तर्जुमा तथा सो को कार्यान्वयन गर्ने लगायतका कार्यमा संस्था प्रतिवद्ध रहेको छ।
**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण:**
बैंक व्याजदरको बढोत्तरी, तरलताको संकुचन, अमेरिकी डलरको सटही दरको बृद्धि, विश्व बजारमा कोईला लगाएतका पेट्रोलियम पदार्थमा अत्याधिक मूल्य बृद्धिको प्रभावले उत्पादन लागत बृद्धि हुन पुगेको, विकास निर्माणका काममा थप सिथिलता आएको, नेपालमा मागको तुलनामा सिमेन्टको उत्पादन अत्याधिक बढि रहेको अवस्था समेतलाई हेर्दा संस्थाले आफ्नो उत्पादन क्षमताको पूर्ण उपयोग गर्दै बजार प्रर्वर्द्धन र बजार विस्तारसंग सम्बन्धित कार्यहरुलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गरी संस्थालाई असर पर्न सक्ने कुराहरुको सूक्ष्म अध्ययन र विश्लेषण गर्दै कुशल कार्यनीति तथा चुस्त व्यवस्थापन मार्फत ग्राहक संरक्षण नीतिलाई कायमै राख्दै आँउदा दिनमा तात्विक नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन सचेत रही उद्देश्य बमोजिमका कामहरु सफलतापूर्वक संचालन गर्दै अघि बढ्ने नीति लिइएको छ। नगद प्रवाह लगायतका कुराहरुमा तत्काल तात्विक असर पर्न सक्ने घटना, अवस्था भने पाइएको छैन।

**३. कानूनी कारवाही सम्बन्धि विवरण:**
(क) यस कम्पनीले आ.व. २०७७।०७८ सम्मको आय व्यय विवरण पेश गरिसकेको र सो आ.व. सम्मको श्री ठुलाकरदाता कार्यालय, पूल्चोक ललितपुरबाट केहि शिर्षकका खर्चहरुलाई अमान्य गरी संशोधित कर निर्धारण आदेश जारी गरेकोमा तत्त बर्षहरुको खर्च अमान्य गरी आयमा समावेश गर्ने उक्त निर्णयमा कम्पनीको चित्त नबुझेको हुंदा प्रचलित ऐनको व्यवस्था अनुसार प्रशासकीय पूनरावलोकनका लागि श्री आन्तरिक राजस्व विभागका महानिर्देशज्यू, समक्ष प्रशासकीय पूनरावलोकन गरी पाँउन निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कुनै निर्णय नभएकोले सोही व्यहोरा समेत उल्लेख गरी आ. व. २०६७।०६८, ०६८।०६९, २०७०।०७१ र २०७१।०७२ का सम्बन्धमा श्री राजस्व न्याधिकरण समक्ष पुनरावेदन दर्ता गरी विचाराधिन रहेको छ।
(ख) आ.व. २०७३।०७४, आ. व. २०७४।०७५ र आ.व. २०७५।०७६ र २०७६।०७७ र ०७७/७८ को आय विवरण उपर श्री ठूलाकरदाता कार्यालयबाट केहि खर्चहरु अमान्य गरी संशोधित कर निर्धारण आदेश जारी गरी थप कर रकम दाखिला गर्न सूचना गरेकोमा कम्पनीको नियम संगत र वास्तविक खर्चलाई अमान्य गर्ने निर्णयमा चित्त नबुझेको हुंदा संचालक समितिको निर्णय बमोजिम उक्त आ. व. हरुका संशोधित कर निर्धारण आदेशका विरुद्ध आन्तरिक राजस्व विभागका महानिर्देशकज्यू समक्ष प्रशासकीय पूनरावलोकनका लागि निवेदन दर्ता गरीएकोले उक्त विषयमा आन्तरिक राजस्व विभागमा विचाराधिन रहेकोछ।
(ग) यस कम्पनीले सुविधा नै उपभोग नगरेको अवस्थामा पनि डेडिकेटेड फिडर मार्फत विद्युत उपभोग गररे सरहको दरमा विल गर्ने तथा छुट विल जारी गर्ने र बक्यौता रकम दाखिला गर्नु अन्यथा लाईन काटिनेछ भनी पटक पटक पत्राचार गरेको हुंदा अन्याय पूर्वकको कार्य हुन जाने सम्भावनालाई ध्यानमा राखी कानूनी उपचारका लागि मकवानपुर जिल्ला अदालत समक्ष ने. वि. प्रा. ऐन २०४० बमोजिम फिराद पत्र दर्ता गरी विचाराधिन रहेको छ भने सोही विषयमा सम्मानित अदालतबाट जारी भएको लाईन नकाट्नु भन्ने समेतको अन्तरकालिन आदेशलाई निरन्तरता दिनु भनी सम्मानित पाटन उच्च अदालत, हेटौंडा इजलासबाट आदेश जारी भएको अवस्था विद्यमान छ। साथै सोही विषयमा सम्मानित सर्वोच्च अदालतमा रिट निवेदनहरु समेत विचाराधिन रहेका छन्।
(घ) श्री नर्थ वेष्ट सिभिल एभिएशन एयरपोर्ट कन्स्ट्रक्शन ग्रुप कं.लि.,ले गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलका लागि सिमेन्ट खरिद गरी रकम भुक्तानी गर्दा अग्रिम आयकर वापत कट्टि गरेको रकम समयमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा दीखला गरी भौचर समेत उपलब्ध नगराएका कारण पटक पटक ताकेता गर्दा पनि रकम भुक्तानी नगरेकोले रु. २,००,९,९०५।४० रकम भुक्तानी दिलाई पाउ भनि श्री काठमाडौं जिल्ला अदालत समक्ष फिराद दायर गरेको र हाल उक्त मुद्दा सम्मानित अदालत समक्ष विचाराधिन रहेकोछ।
(ङ) वितरक श्री अनुप ट्रेडिङ हार्डवेयर काठमाडौंले उधरोमा खरिद गरेको सिमेन्टको बाँकी रकम भुक्तानी नगरेका कारण असुल उपर गराई पाउन भनी श्री काठमाडौं अदालत समक्ष हालै फिराद पत्र दर्ता गरी मुद्दा विचाराधिन रहेको छ। असुल उपर हुन बाँकी रकम रु. ५५,०१,१४९।२५ दावी गरी मुद्दा दायर गरेको।
(च) श्री डि.एस. हार्डवेयर सेन्टर, पोखराले उधारोमा सिमेन्ट खरिद गरी भुक्तानी गर्नु पर्ने बाँकी रकम रु. ४४४,३०२।२६। भुक्तानी नगरेका कारण श्री काठमाडौं जिल्ला अदालत समक्ष असुल उपर गर्ने प्रयोजनका लागि कानून बमोजिम फिराद पत्र दायर भई विचाराधिन रहेको छ।
(छ) श्री न्यू एस. एस. हार्डवेयर एण्ड सप्लायर्स प्रा. लि., भक्तपुर ले उधारोमा सिमेन्ट खरिद गरी भुक्तानी गर्नु पर्ने बाँकी रकम रु. २९०,९५७।९४ भुक्तानी नगरेका कारण श्री काठमाडौं जिल्ला अदालत समक्ष असुल उपर गर्ने प्रयोजनका लागि कानून बमोजिम फिराद पत्र दायर भई विचाराधिन रहेको छ।
(ज) श्री नवदुर्गा कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा. लि., ललितपुरले उधारोमा सिमेन्ट खरिद गरी भुक्तानी गर्नु पर्ने बाँकी रकम रु. १३,०३,२१९।१८ भुक्तानी नगरेका कारण श्री काठमाडौं जिल्ला अदालत समक्ष असुल उपर गर्ने प्रयोजनका लागि कानून बमोजिम फिराद पत्र दायर भई विचाराधिन रहेको छ।
(झ) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

**४. संस्थाको शेयर कारोवार तथा प्रगति विश्लेषण:**
(क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारको सिद्धान्त अनुरुप हुने गरेकोछ।
(ख) यस त्रैमास अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको दिन र शेयर कारोवार संख्या :

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रु. | अन्तिम मूल्य रु. | कारोवार दिन | कारोवार शेयर संख्या |
|---|---|---|---|---|
| ८६४ | ५९२ | ६४१।५ | ६५ | ७३,२७,६५४ थान |

**५. समस्या तथा चुनौती:**
चालु पूर्जी कर्जामा समेत कडाई हुदै गईरहेको, बैंकको व्याजदरमा बृद्धि, तरलताको उपलब्धतामा संकुचन, मागको तुलनामा सिमेन्टको उत्पादन अत्याधीक रहेको, निर्माण संग सम्बन्धित परियोजनाहरुमा सरकारी बजेट न्यून मात्रामा खर्च हुने गरेको र हाल प्रचलित बैंक व्याजदर र निजी आवास निर्माण कर्जामा समेत बैंकहरुले थप व्याजदर लगाउने नीति र सहजै ऋण उपलब्ध नहुने परिस्थितिको विकास हुँदै जानु, लगाएतका कारणबाट चुनौती उत्पन्न भएको छ। कोइला, डिजेल, पेट्रोल, लगाएतका इन्धनको मुल्य, रुस-युक्रेन युद्ध समेतको प्रभावका कारण अत्याधिक मात्रामा बृद्धि भएको, बजारमा आम ग्राहकहरु माझ यस संस्थाको उत्पादनलाई प्रभावशाली बनाई हालको बजार हिस्सा कायमै राखी थप बजार हिस्सा ओगट्न सोही अनुरुपको नीति, रणनीति अवलम्बन गरि संस्थाले विक्री पछि उपलब्ध गराउने निःशुल्क प्राविधिक सेवाहरुको विस्तार, मानव संशाधनको दक्षतामा अभिबृद्धि र चुस्त व्यवस्थापन, खर्चमा मितव्ययिता अपनाई कार्य अवलम्वन गर्ने योजना बनाई अगाडी बढिरहेको छ।

**६. संस्थागत सुशासन:**
संस्थागत सुशासन अभिवृद्धिका लागि संस्थाको व्यवस्थापन आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्ने, आन्तरिक लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउने, कारोवारलाई चुस्त, छिटो, छरितो बनाउन कारोवार मा आर्कषित हुने ऐन, कानून तथा नियमनकारी निकायबाट जारी भएका नीति, निर्देशनहरु पालना गरी संस्था संचालन गरिएको छ।

**७. सत्य तथ्यताका सम्बन्धमा कार्यकारी निर्देशकको उदघोषण:**
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन। लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन।

## सङ्क्षिप्त

### गोर्खाज फाइनान्सको शाखा पोखरामा

काठमाडौं (आर्थिक) । गोर्खाज फाइनान्स लिमिटेडले आफ्नो पोखरा स्थानान्तरित शाखा शुक्रबार एक कार्यक्रमबीच समुद्घाटन गरेको छ । वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष डेकिन्द्र कुमार राई र पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवन कुमार प्रजापतिले संयुक्तरूपमा शाखा उद्घाटन गरेका छन् ।

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था
Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

शाखा उद्घाटन समारोहमा मन्तव्य राख्दै वक्ताहरूले वित्तीय संस्थाले पुऱ्याएको सेवा प्रशंसा गर्दै आगामी दिनमा समेत अझ सशक्तरूपमा अगाडि बढ्न सुझाव दिए । संस्थाले आफ्नो देशभर रहेका २७ वटा शाखाहरूबाट स्तरीय सेवा प्रदान गर्दै आइरहेको र आगामी दिनमा समेत निक्षेप योजना तथा कर्जा लगानीमा नवीनतम योजनाहरूसहित व्यवसाय विस्तार गर्ने योजना साथ अगाडि बढिरहेको जानकारी प्रमुख कार्यकारी अधिकृत सन्तोष कुमार घिमिरेले जानकारी दिए ।

### युनाइटेड इन्स्योरेन्सको निमित्त प्रमुख कार्यकारीमा सुवेदी

यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लि.
United Insurance Co.(Nepal) Ltd.

काठमाडौं (आर्थिक) । युनाइटेड इन्स्योरेन्स कम्पनीको निमित्त प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी नविन सुवेदीले पाएको छ । कमपनीको पछिल्लो पटक बसेको सञ्चालक समितिको बैठकले यसअघि सोही कम्पनीमा महाप्रबन्धकको रूपमा कार्यरत रहेका सुवेदीलाई निमित्त प्रमुख कार्यकारीको जिम्मेवारी दिएको हो ।

यसअघि भने कम्पनीको प्रमुख अधिकृतमा उपासना पौडेल रहेकी थिइन् । पौडेलले आफ्नो् व्यक्तिगत कारण देखाउँदै दिएको राजीनामालाई कम्पनीको पछिल्लो पटक बसेको सञ्चालक समितिको बैठकले यही कात्तिक २८ गतेदेखि कार्यान्वयनमा आउने गरी स्वीकृति गरेसँगै सुवेदी निमित्त पमुख कार्यकारीमा नियुक्त भएका हुन् ।

### निर्धन उत्थान लघुवित्तको नाफा तीन करोड २५ लाख

Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited
A MFI providing service to the poor

काठमाडौं (आर्थिक) । निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाले चालू आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा तीन करोड २५ लाख ५० हजार पाँच सय ८१ रूपैयाँ खुद मुनाफा आर्जन गरेको छ । गत आवको सोही अवधिमा भने संस्थाको यस्तो नाफा २० करोड १९ लाख ३७ हजार नौ सय छ रूपैयाँ रहेको थियो ।

हाल चुक्ता पुँजी दुई अर्ब १९ करोड ५० लाख २५ हजार रूपैयाँ रहेको संस्थाले चालू आवको पहिलो त्रैमासमा १८ अर्ब ४८ करोड नौ लाख नौ हजार एक सय ५० रूपैयाँ निक्षेप संकलन गरी २६ अर्ब ८८ करोड ९० लाख १० हजार पाँच सय ९८ रूपैयाँ कर्जा प्रवाह गरेको छ । सो अवधिमा ४८ करोड ७६ हजार एक सय २८ रूपैयाँ खुद ब्याज आम्दानी गरेको संस्थामा सात दशमलव १४ प्रतिशत कर्जा निष्क्रिय रहेको छ ।

गत आवको सोही अवधिमा भने संस्थाले १८ अर्ब १८ करोड २८ लाख २९ हजार चार सय १२ रूपैयाँ निक्षेप संकलन गरी २७ अर्ब ४३ करोड ७३ लाख ६५ हजार एक सय २७ रूपैयाँ कर्जा प्रवाह गरेको थियो । उक्त अवधिमा ५१ करोड ५९ लाख ९३ हजार आठ सय ७० रूपैयाँ खुद ब्याज आम्दानी गरेको संस्थामा तीन दशमलव ५९ प्रतिशत कर्जा निष्क्रिय रहेको थियो ।

### मिर्मिरे लघुवित्तले कमायो दुई करोड ८२ लाख

मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड
Mirmire Laghubitta Bittiya Sanstha Ltd.

काठमाडौं (आर्थिक) । मिर्मिरे लघुवित्त वित्तीय संस्थाले चालू आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा दुई करोड ८२ लाख ६४ हजार छ सय ३६ रूपैंया खुद मुनाफा कमाएको छ । गत आवको सोही अवधिमा भने संस्थाको यस्तो नाफा पाँच करोड ५८ लाख ४४ हजार सात सय ४७ रूपैयाँ रहेको थियो ।

हाल चुक्ता पुँजी ५३ करोड १२ लाख पाँच हजार तीन सय ८८ रूपैयाँ रहेको संस्थाले चालू आवको पहिलो त्रैमासमा दुई अर्ब ७७ करोड ७८ लाख चार हजार एक सय ९२ रूपैयाँ निक्षेप संकलन गरी आठ अर्ब ९५ करोड ४८ लाख ९८ हजार एक सय १३ रूपैयाँ कर्जा प्रवाह गरेको छ । सो अवधिमा १२ करोड ६१ लाख ६१ हजार छ सय ४६ रूपैयाँ खुद ब्याज आम्दानी गरेको संस्थामा तीन दशमलव ४७ प्रतिशत कर्जा निष्क्रिय रहेको छ ।

# नबिल बैंकले विद्युतीय सवारी खरिदका लागि ८० प्रतिशतसम्म कर्जा दिने




■ आर्थिक संवाददाता
काठमाडौं, कात्तिक २७

नबिल बैंकले विद्युतीय सवारीसाधान खरिदको लागि ८० प्रतिशतसम्म कर्जा दिने भएको छ । बैंकका अनुसार टाटा मोटर्सअन्तर्गतका विद्युतीय सवारी खरिद गर्नको लागि उक्त परिमाणमा ऋण दिन लागिएको हो ।

ऋणको लागि नबिल बैंक र टाटा मोटर्सको आधिकारिक वितरक सिप्रदी ट्रेडिङबीच विद्युतीय सवारी खरिदमा ८० प्रतिशतसम्म ऋण उपलब्ध गराउने सम्बन्धी सम्झौता भएको हो । सम्झौताअनुसार टाटाको नेक्सन र टिगोर विद्युतीय गाडी खरिद गर्दा ग्राहकले नबिल बैंकबाट ८० प्रतिशतसम्मको ऋण प्राप्त गर्न सक्नेछन् । टाटा मोटर्सबाट विद्युतीय सवारीसाधन खरिद गर्न चाहने व्यक्ति वा संस्थाले नबिल बैंकका सबै शाखाबाट १२ दशमलव ९९ प्रतिशत ब्याजदरमा सात वर्षसम्म सहज र सुलभ कर्जाको सुविधा पाउन सक्नेछन् ।

बैंकले २४ घण्टाभित्र ऋण उपलब्ध गराउने जानकारी दिएको छ । नेपाल राष्ट्र बैंकको सम्बन्धित निर्देशनबमोजिम उक्त ऋण प्रवाह गर्ने बैंकको भनाइ छ । नेपालमा विद्युतीय सवारीको प्रयोगलाई बढाउनका लागि उक्त सम्झौता गरेको जानकारी पनि बैंकले दिएको छ ।

# प्रभु बैंकको 'भिसा डाइरेक्ट रेमिन्ट्यान्स सेवा'

■ आर्थिक संवाददाता
काठमाडौं, कात्तिक २७

प्रभु बैंक लिमिटेडले 'भिसा डाइरेक्ट रेमिन्ट्यान्स सेवा' सुरू गरेको छ । अन्तर्राष्ट्रिय रेमिट्यान्स भुक्तानीलाई सहज बनाउने उद्देश्यका साथ भिसा इन्टरनेसनलसँगको सहकार्यमा भिसा डाइरेक्ट सेवाको सुरू गरिएको बैंकले जानकारी दिएको छ ।

बैंकका अनुसार यो सेवामार्फत विदेशबाट यस बैंकको भिसा डेबिट कार्डका ग्राहकलाई विनाझन्झट सरल र सजिलै रेमिट्यान्स पठाउन सकिने व्यवस्था मिलाएको छ । यस सेवाअन्तर्गत भिसा डाइरेक्टमा सहभागी रहेका एक सय ८० भन्दा वढी देशहरूबाट नेट बैंकिङ, मोबाइल वा एटीएममार्फत यस बैंकद्वारा जारी गरिएको १६ अंकको भिसा कार्ड




नम्बरमा विश्वको जुनसुकै स्थानबाट नेपालमा रहेका आफन्तजनहरूलाई सरल, सहज र सुरक्षित तरिकाले चाहेको समयमा नै रकम पठाउन सकिने भएको छ

भिसा डाइरेक्ट रेमिट्यान्स सेवा उपभोग गरी प्रभु बैंकका भिसा डेबिट कार्डका सम्पूर्ण ग्राहकहरूले अधिकतम लाभ लिने विश्वास लिएको बैंकको भनाइ छ ।

# स्वाभिमान लघुवित्तको नाफा ६७ लाख ८२ हजार रुपैयाँले ऋणात्मक

■ आर्थिक संवाददाता
काठमाडौं, कात्तिक २७

स्वाभिमान माईक्रोफाइनान्स वित्तीय संस्था लि.
Swabhimaan Microfinance Bittiya Sanstha Ltd.

स्वाभिमान लघुवित्त वित्तीय संस्थाले चालू आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा ६७ लाख ८२ हजार रूपैयाँ खुद नोक्सानी बेहोरेको छ । गत आवको सोही अवधिमा भने संस्थाको यस्तो नाफा ७४ लाख ६४ हजार रूपैयाँ रहेको थियो ।

हाल चुक्ता पुँजी १२ करोड १७ लाख ८२ हजार रूपैयाँ रहेको संस्थाले चालू आवको पहिलो त्रैमासिक अवधिमा ६९ करोड ६२ लाख ७२ हजार रूपैयाँ निक्षेप संकलन गरी दुई अर्ब १३ करोड एक लाख तीन हजार रूपैयाँ कर्जा प्रवाह गरेको छ । सो अवधिमा ६७ लाख १३ हजार रूपैयाँ खुद ब्याज आम्दानी गरेको संस्थाको प्रोभिजन रकम छ लाख २८ हजार रूपैयाँ रहेको छ भने निष्क्रिय कर्जाको अनुपात एक दशमलव २७ प्रतिशत रहेको छ ।

गत आवको सोही अवधिमा भने संस्थाले ५५ करोड छ लाख ९६ हजार रूपैयाँ निक्षेप संकलन गरी एक अर्ब ७१ करोड ३५ लाख २४ हजार रूपैयाँ कर्जा प्रवाह गरेको थियो । उक्त अवधिमा दुई करोड ११ लाख ७० हजार रूपैयाँ खुद ब्याज आम्दानी गरेको संस्थाको प्रोभिजन रकम ३५ लाख २३ हजार रूपैयाँ रहेको थियो भने निष्क्रिय कर्जाको अनुपात शुन्य दशमलव ८९ प्रतिशत रहेको थियो ।

### नेरुडे लघुवित्तको नाफा एक करोड ७० लाख

काठमाडौं (आर्थिक) नेरूडे लघुवित्त वित्तीय संस्थाले चालू आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिमा एक करोड ७० लाख ५३ हजार रूपैयाँ खुद मुनाफा आर्जन गरेको छ । गत आवको सोही अवधिमा भने संस्थाको यस्तो नाफा चार करोड ७५ लाख ६४ हजार रूपैयाँ रहेको थियो ।

हाल चुक्ता पुँजी ६० करोड रूपैयाँ रहेको संस्थाले चालू आवको पहिलो त्रैमासिक अवधिमा तीन अर्ब २८ करोड २९ लाख २९ हजार रूपैयाँ निक्षेप संकलन गरी १० अर्ब २२ करोड ३४ लाख ३३ हजार रूपैयाँ कर्जा प्रवाह गरेको छ । सो अवधिमा १० करोड ९१ लाख ९६ हजार रूपैयाँ खुद ब्याज आम्दानी गरेको संस्थाको प्रोभिजन रकम पाँच करोड ७८ लाख ६१ हजार रूपैयाँ रहेको छ भने निष्क्रिय कर्जाको अनुपात चार दशमलव ९३ प्रतिशत रहेको छ ।

गत आवको सोही अवधिमा भने संस्थाले दुई अर्ब ७५ करोड २४ लाख छ हजार रूपैयाँ निक्षेप संकलन गरी आठ अर्ब ५९ करोड ८५ लाख ९९ हजार रूपैयाँ कर्जा प्रवाह गरेको थियो ।


## कटारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

### क्याटलग/ब्रोसर सपिङ्ग सव बहान खरीद सम्बन्धी शिलबन्धी आब्हान पत्र

**प्रथम पटक प्रकाशित मिति : २०७९/०७/२८**

यस कार्यालयको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार १ (एक) थान सव बहान सार्वजनिक खरीद ऐन, २०६३ को पहिलो संशोधन २०७३ को दफा ८ को उपदफा ८ तथा सार्वजनिक खरीद नियमावली, २०६४ को चौथो संशोधनको नियम ३१ (ख) बमोजिम त्यस्तो सामान उत्पादक कम्पनी वा सोको आधिकारिक विक्रेताहरुवीच मात्र प्रतिष्पर्धा गराउने क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने भएकोले उल्लेखित सामान उत्पादन गर्ने वा उत्पादकको प्रमाण पत्र वा त्यस्तो सामान उत्पादक कम्पनी वा मालसामान निर्माण कम्पनीले तोकेको अधिकृत/आधिकारिक विक्रेता प्रमाण पत्र स्थायी लेखा नं. (PAN) तथा मुल्य अभिवृद्धि कर प्रमाण पत्र आ.व. २०७८/७९ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, सामान सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाण पात्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मुल्य गुणस्तर तथा सुविधा सहित विवरण (क्याटलग वा ब्रोसर) राखी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन १२:०० बजेसम्म यस कार्यालयमा निवेदन दर्ता गराउन आब्हान गरिएको छ। दर्ता गरिएका शिलबन्दी प्रस्तावहरु सोही दिनको दिन २:०० बजे खोलिने छ। पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिनमा पेश गर्न सकिने छ। सामानहरुको स्पेसिफिकेशन नगरपालिकाको website www.katarimun.gov.np मा रहेको व्यहोरा अनुरोध छ।

**प्रमुख प्रशासकीय अधिकृत**


## सेयर कारोबार २०७९/०७/२७

| SYMBOL | OPEN PRICE | HIGH PRICE | LOW PRICE | CLOSE PRICE | PREVIOUS DAY CLOSE PRICE | FIFTY TWO WEEKS HIGH | FIFTY TWO WEEKS LOW | LAST UPDATEDPRICE | TOTAL TRADES |
|---|---|---|---|---|---|---|---|---|---|
| HBL | 328 | 332.9 | 328 | 330 | 329 | 484 | 290 | 330 | 50 |
| TRH | 335.2 | 348.7 | 333 | 348.7 | 342 | 409.5 | 302.1 | 348.7 | 8 |
| NLICL | 559.5 | 580 | 559.5 | 572.9 | 569 | 1179 | 499.1 | 572.9 | 82 |
| PICL | 345 | 358 | 338.1 | 348.9 | 351 | 812 | 328.3 | 348.9 | 29 |
| UNL | 19100 | 19200 | 19100 | 19200 | 19480 | 20600 | 16556.7 | 19200 | 2 |
| RIDI | 455.4 | 465 | 450.1 | 454.1 | 458 | 838 | 427.4 | 454.1 | 191 |
| NICGF | 9.1 | 9.28 | 9 | 9.18 | 9.1 | 12.8 | 8.93 | 9.18 | 9 |
| PPCL | 270 | 286 | 270 | 274 | 271 | 580 | 230 | 274 | 68 |
| SMFBS | 1425 | 1440 | 1393 | 1412 | 1450 | 2716.6 | 1331 | 1412 | 16 |
| SFMF | 8.73 | 9 | 8.73 | 9 | 8.81 | 12.5 | 8.53 | 9 | 11 |
| NIFRA | 190 | 192 | 187.2 | 189 | 190 | 435 | 179.9 | 189 | 459 |
| MMF1 | 7.23 | 7.39 | 7.11 | 7.25 | 7.37 | 10.28 | 7.02 | 7.25 | 14 |
| KDBY | 7.91 | 8 | 7.91 | 7.96 | 7.91 | 10 | 7.46 | 7.96 | 20 |
| HHL | 213 | 213.9 | 208 | 212 | 217 | 362.1 | 202.1 | 212 | 102 |
| GIBF1 | 7.58 | 7.78 | 7.58 | 7.78 | 7.73 | 10 | 7.58 | 7.78 | 7 |
| LICN | 1339.9 | 1339.9 | 1287 | 1300 | 1322 | 2493 | 1065 | 1300 | 48 |
| GUFL | 512 | 527 | 505 | 526 | 510 | 1015.3 | 357 | 526 | 183 |
| GFCL | 443.7 | 443.7 | 432 | 438.9 | 435 | 859.9 | 358 | 438.9 | 40 |
| MLBL | 344.3 | 348 | 338.3 | 344.9 | 343 | 838 | 305.2 | 344.9 | 97 |
| NSLB | 718.5 | 727 | 713 | 713 | 733 | 1575 | 706.4 | 713 | 23 |
| SBD87 | 760.5 | 760.5 | 760.5 | 760.5 | 776 | 995 | 732.6 | 760.5 | 1 |
| GLH | 232.9 | 237 | 227.1 | 230 | 237.6 | 527.3 | 219 | 230 | 33 |
| PSF | 7.8 | 7.9 | 7.65 | 7.7 | 7.8 | 10.05 | 7.31 | 7.7 | 16 |
| NIBSF2 | 7 | 7.28 | 7 | 7.02 | 7.1 | 10.19 | 6.94 | 7.02 | 10 |
| GBILD86/87 | 749.7 | 749.7 | 749.7 | 749.7 | 735 | 1000 | 735 | 749.7 | 1 |
| NESDO | 3278 | 3280 | 3200.1 | 3220 | 3230 | 3390 | 747.7 | 3220 | 197 |
| AVYAN | 740 | 744 | 710 | 720 | 730 | 963 | 316 | 720 | 218 |
| NICA | 660.1 | 667.9 | 650 | 660 | 660.1 | 935.3 | 600.3 | 660 | 218 |
| SHL | 210 | 210 | 206.4 | 208 | 206 | 252.6 | 186.7 | 208 | 22 |
| OHL | 485 | 494 | 484.9 | 490 | 478 | 566 | 413.8 | 490 | 21 |
| SICL | 726 | 740 | 721 | 722 | 726 | 2157 | 690.1 | 722 | 63 |
| CIT | 1837.5 | 1860 | 1830 | 1833 | 1849.1 | 3646 | 1780 | 1833 | 145 |
| ICFC | 422 | 442 | 421 | 427 | 426 | 973.3 | 363 | 427 | 104 |
| SFCLP | 138 | 138 | 138 | 138 | 138 | 138 | 100 | 138 | 1 |
| MPFL | 302 | 305 | 296 | 299 | 298 | 550.6 | 206.1 | 299 | 50 |
| API | 207 | 213.4 | 207 | 209.6 | 210 | 575 | 200 | 209.6 | 277 |
| GRDBL | 229 | 229.5 | 222 | 228.1 | 225 | 442 | 182 | 228.1 | 31 |
| SMATA | 726 | 726 | 711.5 | 711.5 | 740 | 1560 | 696.3 | 711.5 | 9 |
| RADHI | 219 | 219 | 210.8 | 214.5 | 215.1 | 775 | 204 | 214.5 | 51 |
| JOSHI | 179 | 182 | 176 | 176.5 | 179.1 | 416.1 | 164.8 | 176.5 | 32 |
| ALBSL | 920 | 921 | 880 | 880 | 925 | 1750 | 880 | 880 | 104 |
| UPCL | 211 | 213.8 | 207.3 | 208 | 211.8 | 456.3 | 175.9 | 208 | 154 |
| GLBSL | 783.1 | 783.1 | 768 | 780 | 799 | 1509.6 | 768 | 780 | 17 |
| NBF2 | 8.97 | 8.97 | 8.36 | 8.36 | 8.98 | 11.85 | 8.2 | 8.36 | 10 |
| NRN | 415 | 420 | 407 | 410 | 415 | 836 | 399 | 410 | 64 |
| SBCF | 7.17 | 7.31 | 7.17 | 7.31 | 7.3 | 9.93 | 7.04 | 7.31 | 4 |
| NYADI | 263 | 270.3 | 263 | 265.1 | 268.2 | 566 | 241 | 265.1 | 45 |
| DLBS | 202 | 202 | 202 | 202 | 198.1 | 202 | 177.7 | 202 | 1 |
| DDBL | 929.9 | 929.9 | 889.9 | 908.1 | 915 | 1407 | 861 | 908.1 | 131 |
| NLIC | 597.9 | 597.9 | 570.1 | 575 | 587 | 1810 | 570 | 575 | 449 |
| HDL | 3500 | 3548 | 3500 | 3503 | 3498 | 7195 | 2825 | 3503 | 262 |
| SWBBL | 1190 | 1210 | 1166.2 | 1167 | 1190 | 1578 | 925 | 1167 | 149 |
| NBL | 270 | 275 | 270 | 271.5 | 272 | 468.5 | 263 | 271.5 | 167 |
| SAEF | 9.7 | 9.8 | 9.7 | 9.8 | 9.7 | 14.94 | 9.46 | 9.8 | 3 |
| HURJA | 207 | 207 | 204 | 204 | 209 | 554.8 | 194 | 204 | 18 |
